# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क ३, पूर्णाङ्क २७३ | २०७८ साउन ६ गते बुधबार | Wednesday, 21 Jul 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## महासचिव विप्लवद्वारा चिरञ्जीवी थापाप्रति श्रद्धाञ्जली व्यक्त

**काठमाडौं ।** नेकपाका महासचिव विप्लवले चितवन मेडिकल कलेजमा एमबीबीएस चौथो वर्षमा अध्ययनरत विद्यार्थीकी अगुवा मान्यता थापाका बुबा चिरञ्जीवी थापाप्रति श्रद्धाञ्जली प्रकट गरेका छन् । थापाको आज बिहान काठमाडौं मेडिसिटी हस्पिटलमा कोरोना भाइरस सङ्क्रमणपछि निमोनिया भएर निधन भएको थियो ।

आज साँझ श्रद्धाञ्जली वक्तव्य जारी गर्दै महासचिव विप्लवले भनेका छन्, 'चितवन मेडिकल कलेजमा एमबीबीएस चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरूकी अगुवा मान्यता थापाका बुबा चितवन भरतपुर महानगरपालिका वडा नं. ९, सदरपुरमा २०२४ साल साउन २ गते जन्मिनुभएका चिरञ्जीवी थापाको काठमाडौं मेडिसिटी ... बाँकी पृष्ठ ७ मा

# हामी क्रान्तिमा बलिदान गर्न तयार छौं तर सहिदका सपना मर्न दिंदैनौं : विप्लव

## महासचिव विप्लवलगायत नेताद्वारा सहिद परिवार तथा घाइते योद्धाहरूसँग भेटघाट



■ **रातोखबर संवाददाता/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले आफूहरू बरु क्रान्तिमा बलिदान गर्न तयार हुने तर सहिदका सपना मर्न नदिने बताएका छन् । एकीकृत जनक्रान्तिका क्रममा सहादत प्राप्त सहिदका परिवारजन र घाइते योद्धाहरूसँग भेटघाट गर्न आयोजित कार्यक्रममा महासचिव विप्लवले उक्त कुरा बताएका हुन् । कार्यक्रममा महासचिव विप्लवका साथै दुईजना सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' र सन्तोष बुढामगर 'विषम' का साथै केन्द्रीय सदस्य माइला लामा सहभागी थिए ।

भेटघाटका क्रममा महासचिव विप्लवले सहिद परिवार क्रान्तिको ऊर्जा हुने बताए । पार्टीको प्रस्तावनामा साथीहरू सहिद भएको भन्दै उनले यसको जिम्मा पार्टीले लिने पनि बताए ।

भेटका क्रममा महासचिव विप्लवले भने, ' क्रान्ति नजितेसम्म हामी सँगै हिंडौंला । वैज्ञानिक समाजवाद नल्याएसम्म सँगै लडौंला । हामी क्रान्तिमा बलिदान गर्न तयार छौं । बरु हामी खरानी बन्छौं तर सहिदका सपना मर्न ... बाँकी पृष्ठ ७ मा

## नेकपाका नेता वीरजङ्ग गम्भीर बिरामी, अस्पताल भर्ना

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चन्द्रबहादुर चन्द 'वीरजङ्ग' गम्भीर विरामी परेका छन् । लामो समयसम्म जेल र हिरासतमा रहेका नेता वीरजङ्गलाई छाती र मुटुसम्वन्धी समस्या रहेको छ । हाल उनलाई काठमाडौंको सिभिल अस्पतालमा भर्ना गरिएको छ ।

वीरजङ्ग कारागारमा रहँदा कोरोना पोजेटिभ भएको र कारागारबाट रिहा भएलगत्तै लगातार छाती दुख्ने, शरीर दुख्ने, बिहान-बेलुका ज्वरो बढ्ने गरेको छ । सुरुमा ग्रान्डी अस्पतालमा उपचार सुरु गरिएको भए ... बाँकी पृष्ठ ७ मा

## एनसेल र एमसीसीलाई छाड्दैनौं : नेता कुमाल

**गाईघाट ।**

राष्ट्रघाती एमसीसी र अर्बौं कर छली गर्ने एनसेललाई नेकपाले नछाड्ने भएको छ । बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेपाल कम्युनिस्ट पार्टीले अमेरिकी कार्यक्रम एमसीसी र एनसेललाई त्यत्तिकै नछाड्ने चेतावनी दिएको हो ।

पार्टीमाथि लागेको प्रतिबन्ध फुकुवापछि असार २७ देखि २९ गतेसम्म जिल्लाको पुरानो सदरमुकाम उयदपुरगढीमा सम्पन्न औपचारिक बैठकका निर्णय सार्वजनिक गर्न गाईघाटमा ... बाँकी पृष्ठ ३ मा

## महासचिव विप्लवद्वारा बाबुराम भट्टराई र हिसिला यमिसँग छलफल

**काठमाडौं ।** नेकपाका महासचिव विप्लवले मुलुकको राजनीतिक सङ्कटको निकासका साथै पार्टी र केपी ओली सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयनका विषयमा राजनीतिक भेटघाट तीव्र बनाएका छन् । बिहीबार नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एमालेका नेता माधव नेपालसँग भेटवार्ता गरी छलफल गरेका महासचिव विप्लवले शुक्रबार जनता समाजवादी पार्टी (जसपा) सङ्घीय परिषद्का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र भट्टराईपत्नी पूर्वमन्त्री एवम् जसपानेत्री हिसिला यमिसँग मुलुकको राजनीतिक सङ्कटको निकासका विषयमा छलफल गरेको नेकपा केन्द्रीय कार्यालयले जनाएको छ । स्मरणीय छ, केपी ओली सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको समयमा ... बाँकी पृष्ठ ७ मा

## नेकपाका महासचिव विप्लव र पूर्वप्रधानमन्त्री ओलीबीच भेटवार्ता



■ **रातोखबर संवाददाता/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी ओलीबीच भेटवार्ता भएको छ । मङ्गलबार ओली निवास बालकोट भक्तपुरमा भएको भेटमा समसामयिक राजनीतिक विषयमा छलफल भएको नेकपा केन्द्रीय स्रोतले ... बाँकी पृष्ठ ७ मा

■ **तीनबुँदे सहमति कार्यान्वयनमा नेकपाको चासो**

■ **आन्तरिक र बाह्य जटिलताका कारण सकहमति कार्यान्वयनमा अप्ठेरो परेको हो : ओली**

## नेता आदर्शलाई महासचिव विप्लवले गरे स्वागत

**काठमाडौं ।**

झन्डैं दुई वर्षसम्म जेल बसेर फर्केका नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' लाई पार्टीका महासचिव विप्लवले स्वागत गरेका छन् ।

सर्वोच्च अदालतको आदेशमा बाजुरा कारागारबाट नेता आदर्श २० महिनापछि रिहा भएका हुन् । २०७६ साल कात्तिक २२ गते साङ्गठनिक कामका लागि हिँडिरहेका बेला बाजुराको गौमूल गाउँपालिका ३ माझपालीबाट ओलीसहित १६ जनालाई प्रहरीले गिरफ्तार गरेको थियो ।

बाजुराबाट हालै मात्र काठमाडौं आइपुगेका नेता आदर्शलाई नेकपाका महासचिव विप्लवले शनिबार काठमाडौंमा स्वागत गर्दै बधाईसमेत दिएका छन् ।

यसअघि नेता आदर्शलाई जेलबाट रिहा भएलगत्तै नेकपा बाजुराले पनि सदरमुकाम मार्तडीमा भव्य स्वागत गरेको थियो ।

केपी ओली सरकार र नेकपाबीच सहमतिपछि प्रतिबन्ध फिर्ता भएर केही नेता-कार्यकर्ता रिहा भए पनि अझै दर्जनौं नेता-कार्यकर्ता जेलमैं छन् । शुक्रबार ... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवाद स्थापना गर्न जनगणतान्त्रिक सम्पर्क मञ्च क्रियाशील



■ **रातोखबर संवाददाता/काठमाडौं**

देशका विभिन्न जिल्लाबाट काठमाडौं आई विभिन्न पेसा-व्यवसाय गर्ने क्रान्तिकारीहरूको साझा सङ्गठन जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समिति मुलुकमा दलाल पुँजीवादी व्यवस्था समाप्त पारी वैज्ञानिक समाजवाद स्थापना गर्न क्रियाशील भएर लागेको छ ।

यसै क्रममा नेकपामाथिको सरकारी प्रतिबन्ध खारेज भएपछि नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक ... बाँकी पृष्ठ ७ मा

## रिहाइपछि नेकपा नेता सुदर्शनको भव्य अभिनन्दन

### जेलबाट दिव्यास्त्र प्राप्त गरेर आएका छौं, अब जित हाम्रै हुनेछ : सुदर्शन



■ **रातोखबर संवाददाता**

दुई वर्षभन्दा लामो जेल जीवन बिताएर रिहा भएका नेपाल कम्युनिस्ट पार्टीका नेता सुदर्शनलाई भव्य स्वागत तथा अभिनन्दन गरिएको छ । नेपाल कम्युनिस्ट पार्टीले काठमाडौंमा आयोजना गरेको अभिनन्दन कार्यक्रममा सम्बोधन गर्दै नेता सुदर्शनले जेल बसेर आउँदा आफूले ठूलो कष्ट सहेर 'दिव्यास्त्र' प्राप्त गरेकाले अब क्रान्तिकारीहरूकै जित हुने बताए । राम्रो काम गर्नेहरू सबैलाई जेलमा राखेर यातना दिने गरिएको भन्दै उनले आफू झन् बलियो र स्पातिलो बनेर फर्केको धारणा राखे ।

नेकपा केन्द्रीय सचिवालय सदस्य सुदर्शनले अहिलेको जेल भनेको ... बाँकी पृष्ठ ७ मा

# महासचिव क. विप्लवको राजनीतिक भेटघाट र क्रियाप्रतिक्रियाहरू

**देश/परिवेश**

■ सन्तोष बुढामगर 'विषम'



अहिले नेपालको राजनीतिक परिस्थिति थोरै बदलिएको छ । कम्युनिस्टको ठाउँमा काङ्ग्रेस कुर्सीमा बसेको छ तर व्यवस्था वा 'सिस्टम' पुरानै छ । पात्र फेरिएका छन्, व्यवस्था (क्थकतभ) फेरिएको छैन । यो आलोपालोको राजनीति नेपालमा धेरैपटक दोहोरिएको छ । कहिले नामधारी कम्युनिस्टहरू त कहिले काङ्ग्रेस, रक्सी पुरानै, बोतल फरक । बस्, बदलिएको राजनीतिको सार यही हो ।

३ वर्ष कुर्सीमा बसेको नामधारी कम्युनिस्टको सरकार सर्वोच्च अदालतको निर्णयले भर्खरै सरकारबाट बिदा लिएको छ । जाँदाजाँदै नेकपामाथि आफैंले लगाएको प्रतिबन्ध पनि फुकाएर गएको छ । अबको नयाँ सरकारले फेरि यसप्रति के नीति अपनाउँछ, त्यो भविष्यको गर्भमा छ ।

२६ वर्षअगाडि २०५२ सालमा यही शेरवहादुर देउवा सरकारको नेतृत्वमा हुँदा नेपालमा जनयुद्धको सुरुआत भएको थियो । त्यो अवस्था आउनुमा तत्कालीन नेपाली काङ्ग्रेसको देउवा सरकारको कम्युनिस्टहरूप्रतिको असंहिष्णु व्यवहार जिम्मेवार थियो । निवर्तमान कम्युनिस्ट सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको ३ बुँदे सहमतिबारे देउवाले के रूख अपनाउलान् र गएको सरकारले गरेका कामहरूको स्वामित्व यो सरकारले लेला कि नलेला ? सर्वत्र चासो छ । यसमा प्रचण्ड, बाबुराम र माधव समूहहरू पनि जोडिएका छन्, तिनले कुन रुख अपनाउलान् ? हिजो पनि केपी प्रधानमन्त्री हुने बेला प्रचण्ड-माधवहरू सरकारकै नेतृत्वमा प्रतिबन्धको निर्णय गर्ने निकायमा थिए । आज तिनले केपीको निर्णयलाई कसरी लेलान् ? धेरै मान्छेहरू आशङ्कित छन् । अनि एक ढङ्गले एउटा परिस्थितिमा केपी ओलीको सरकारसँग वार्ता र सहमति गरेका नेकपा अर्थात् विप्लवहरूले अबको बदलिएको परिवेशमा कसरी जालान् र के कदम उठाउलान् ? देश फेरि द्वन्द्वतिर धकेलिने त होइन ? भन्नेतिर पनि मान्छेहरू सशङ्कित छन् ।

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# महासचिव विप्लवको राजनीतिक भेटघाट र नेता सुदर्शनको जेलमुक्ति

मुलुकमा राजनीतिक अन्योल र अस्थिरता बढेपछि देशीविदेशी प्रतिक्रियावादी शक्तिहरूको चलखेल बढ्न थाल्छ। यतिबेला पनि मुलुकमा एकातिर वैदेशिक शक्तिहरू चलमलाइरहेका छन् भने अर्कातिर देशभित्रकै प्रतिक्रियावादी शक्तिहरू जुँगामा ताउ लगाएर प्रतिगमनलाई स्थिर बनाउने दुःस्वप्न देखिरहेका छन्। अदालतले राजनीतिक पार्टीको शक्ति क्षीण बनाएर केपी ओली सरकारको पतन र शेरबहादुर देउवा गठबन्धनलाई सरकारमा आसीन गराइदिएपछि मुलुक एकपटक फेरि तरङ्गित र थप प्रदूषित बनेको छ।

देश र जनताको भाग्य र भविष्यमाथि काला नङ्ग्रा र फणाहरू फैलिइरहेको बेला एउटा सुन्दर सपना बोकेर नेकपाका महासचिव विप्लव दलका नेताहरूलाई खबरदारी गर्दै प्रत्येक राजनीतिक पार्टीका कार्यालयहरूको घन्टी र तिनका थोत्रा मस्तिष्कका नसाहरू थिचिरहेका देखिन्छन् । हृदयभरि देश र श्रमिक जनताको मुक्तिको सपना बोकेका स्वप्नद्रष्टाहरू मुलुकमाथि सङ्कट आइपर्दा अलमस्त सुतेर निदाउनसक्ने कल्पनै गर्न सकिँदैन। पार्टीमाथिको प्रतिबन्ध हटेर खुला गतिविधि बढेसँगै नाटकीय रूपले केपी ओली सरकारको पतन भएको छ। महासचिव कमरेड विप्लवको क्रियाशीलता र राजनीतिक भेटघाटले तीव्रता लिएसँगै नेपाली जनताको खुसीको मात्रा पनि बढिरहेको देखिन्छ। जनताको खुसीको मात्रा बढ्नुमा नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालय सदस्य कमरेड सुदर्शनको जेलमुक्ति पनि थप कारण बनेको छ। २८ महिना लामो गैरन्यायिक जेल र हिरासत बसाइपछि सर्वोच्चको आदेशमा जेलमुक्त भएका नेकपा नेता सुदर्शनले नारायणगोपाल चोकमा उभिएर गरेको सम्बोधनले देश, जनता र जारी एकीकृत जनक्रान्तिको हत्याको दुःस्वप्न देखेकाहरूको निद्रा झनै बिथोलिदिएको अनुमान गर्न कुनै कठिनाइ छैन।

नेकपाका महासचिव विप्लवले राजनीतिक अन्योल, अस्थिरता, अलमल र अस्थिरताकै बीच विभिन्न संसद्वादीदेखि क्रान्तिकारी राजनीतिक पार्टीका नेतासम्मलाई भेटेर मुलुकको वर्तमान र भविष्यप्रति चिन्ता प्रकट गरेका छन्। उनले देश र जनतालाई ध्वस्त बनाउने दलाल पुँजीवादको विकल्पका रूपमा वैज्ञानिक समाजवाद स्थापना गर्ने सुस्पष्ट बाटो अघि सारेपछि र नेकपाको राजनीतिक प्रस्तावमा जनताको लहर बढ्न थालेपछि जनताका वैरीहरू अत्तालिन थालेका छन्। संसद्वादी दलहरू देश, जनता र सत्तालाई हड्डी बनाएर लुछाचुँडी गरिरहेका घिनलाग्दा दृश्यहरूका बीचमा महासचिव कमरेड विप्लवको क्रियाशीलता, कमरेड सुदर्शनको रिहाइ र सम्बोधनले सुन्दर र आशावादी दृश्यहरू जन्मिएका छन् र मानिसहरूको हृदयको चाललाई बढाइदिएका छन् । क्रान्तिकारी तप्काको हृदयको ढुकढुकीको चाल आशावादले बढेको छ भने प्रतिक्रान्तिकारी, अवसरवादी, घुसपैठिया, षड्यन्त्रकारी र दलाल पुँजीवादीहरूको मुटुको चाल आफ्नो सुखको स्वर्गको समाप्तिको कल्पनाले बढेको देखिँदैछ। नेता सुदर्शनले आन्दोलनभित्रदेखि बाहिरसम्मका क्रान्तिका बाधकहरूलाई ललकार्दै जतिसुकै षड्यन्त्र र दमन गरे पनि क्रान्तिबीज अङ्कुराएरै छाड्ने र क्रान्ति सफल भएरै छाड्ने उद्घोष गरेका छन्। उनको यो उद्घोष मरुभूमिमा थप पानीको थोपाको काम गरेको छ। महासचिव विप्लवको क्रियाशीलता र लहरलाई सुदर्शनको मुक्ति र सम्बोधनले थप बल प्रदान गरेको अनुभूति हुन्छ।

महासचिव विप्लवले जनयुद्धलाई धोका दिँदै दलाल पुँजीवादको रक्षक बनेका पुष्पकमल दाहाल, दलाल पुँजीवादमै आफ्नो भविष्य देखिरहेका माधव नेपाल, भर्खरै सत्ताबाट पलायन भएका केपी ओली, कम्युनिस्ट आन्दोलनबाट भागेका बाबुराम भट्टराईदम्पती, माओवादी केन्द्र छाडेर केपी ओलीलाई साथ दिँदै एमाले प्रवेश गरेका रामबहादुर थापा समूहसम्मका नेताहरूदेखि क्रान्तिकारी बाटोमै रहेका मोहन वैद्य 'किरण' र जनयुद्ध तथा एकीकृत जनक्रान्तिका सहिद परिवार र घाइते-अपाङ्ग योद्धासँग भेटवार्ता, छलफल, बहस गरेर आफ्ना एजेन्डाहरू स्थापित गरेपछि क्रान्तिका पक्षधर र विरोधीहरूले व्यक्त गरेका प्रतिक्रियाहरूबाटै थाहा पाउन सकिन्छ- अब नेपाल र नेपाली जनताले शोषणमूलक व्यवस्थाको अन्धकार युगमा रुमल्लिएर बस्नुपर्ने दिनहरू समाप्त हुँदै गएका छन् र मुलुकमा एउटा नयाँ सूर्योदय हुँदैछ। दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको उदयले मात्र नेपाल र नेपाली जनताको भविष्य सुनिश्चित गर्नेछ भन्ने प्रस्ट दृश्यहरू देखिइरहेका छन्। यी दृश्य र सङ्केतहरू नेपाली जनताका लागि सुख र खुसीसँग अघि बढ्ने आधारहरू हुन्।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# क्रान्तिमा जेल–हिरासत मोर्चाको महत्व



अमर झाँक्री 'सञ्जीव'

जेल तथा हिरासत राज्यसत्ताको क्रान्तिकारी शक्तिलाई दमन गर्ने साधन हो भने क्रान्तिकारी शक्तिहरूका लागि एउटा महत्वपुर्ण मोर्चा। प्रारम्भमा यसको सुरुआत दासयुगको अन्तिम समयदेखि प्रचलनमा आएको पाइन्छ। मान्छे-मान्छेबीचको लडाइँमा जित्नेहरू मालिक तथा हार्नेहरू दास बनाइएका तथा उनीहरूलाई नियन्त्रणमा राख्नका लागि यो अवधारणाको विकास भएको इतिहासमा पाइन्छ । प्रारम्भिक समयमा अहिलेजस्तो व्यवस्थित प्रकारका भवन तथा तारबारहरूको विकास नभएको कारण मालिकहरूद्वारा दासहरूलाई ठूलाठूला गुफाहरू, ठूला नदीका किनारहरू, अप्ठ्यारा भिर तथा पाखाहरू र घना जङ्गलका बीचमा ढुङ्गाका अग्ला पर्खालहरू बनाएर तथा अन्य विभिन्न तरिकाहरू प्रयोग गरेर राखेको पाइन्छ ताकि कम जनशक्तिद्वारा उनीहरूलाई नियन्त्रण गरी आफ्नो उद्देश्यअनुरूप काममा परिचालन गर्न सकियोस् । त्यसबेला विकासका विभिन्न संरचना निर्माणका लागि अहिलेको जस्तो प्राविधिक सामग्रीहरू नभएका कारण सम्पूर्ण निर्माणका कार्यहरू मानवीय शक्तिद्वारा सम्पन्न गरिनुपर्थ्यो । त्यसका लागि अधिक मानवीय जनशक्तिको आवश्यकता पर्थ्यो। उक्त मानवीय जनशक्तिको आवश्यकता पूरा गर्नका लागि एउटा बलियो दास युवालाई बन्दी दासीहरूलाई गर्भवती बनाउनका लागि प्रयोग गरिएको थियो । उनले दासीहरूसँग यौनसम्पर्क गर्नुको सट्टा मालिकहरूका विरुद्ध सङ्घर्ष गर्नका लागि गोप्य रूपमा सङ्गठन निर्माण गरेर ठूलो विद्रोह गरे जसलाई स्पार्टाकस दास विद्रोहको नामले चिनिन्छ। मालिकहरूद्वारा मनोरञ्जनका लागि दासहरू एकअर्कोलाई भिडन्त गर्न लगाउने, मान्छेलाई तड्पाएर मार्ने, इच्छाअनुसार बेचबिखन गर्नेजस्ता अनेक प्रकारका दासकालीन दमन र हथकण्डाका विरुद्ध विभिन्न प्रकारका सङ्घर्षहरूमार्फत सामन्तवादले दासयुगलाई पराजित गरेर छोड्यो।

दुनियाँमा लामो समय चलेको सामन्तवादी राज्य व्यवस्थामा जेल तथा हिरासतहरू निकै व्यवस्थित निर्माण गरिए । राज्यसत्ताले यसलाई व्यवस्थित रूपमा आफ्नो सुरक्षाका लागि महत्वपूर्ण साधनका रूपमा विकास गऱ्यो। लिखित-मौखिक रूपमा कस्ता ऐन-कानुनहरू जारी गरिए भने राज्यसत्ताका विरुद्ध वोल्ने वा विद्रोह गर्ने व्यक्ति वा समूहलाई राजद्रोही, देशद्रोही तथा महाअपराधीको सङ्ज्ञा दिइन्थ्यो र त्यसप्रकारको कार्य गर्ने व्यक्ति वा समूहलाई मृत्युदण्ड, आजीवन काराबास तथा आफू बसेको स्थानविशेषबाट निकाला गरिन्थ्यो । जेल तथा हिरासत राज्यको त्यस्तो साधनका रूपमा विकास गरियो जसले पुँजीवादको स्थापनार्थ सञ्चालन गरिएका थुप्रै शान्तिपूर्ण र सशस्त्र सङ्घर्षहरूका क्रममा त्यसका नेता-कार्यकर्ता तथा जनतालाई दमन गर्नका लागि निकै महत्वपूर्ण साधनको काम गऱ्यो । एकाध मानिस मात्र होइन, हजारौँ-लाखौँ मानिस अट्ने व्यवस्थित प्रकारका काँडे तारबारसहितका भवनहरू बन्न थाले । सुरक्षासंयन्त्रलाई सोहीअनुसार व्यवस्थित गर्न थालियो । जतिसुकै व्यवस्थित कानुन तथा जेल-नेलको अवधारणा र प्रयोग गरे पनि अन्ततः पुँजीवादले सामन्तवादलाई पराजित गरेर छाड्यो। त्यसका दौरानमा हजारौँ-लाखौँ नेता-कार्यकर्ता तथा जनताले गरेको वीरतापूर्ण बलिदानी भावना पनि कम चानचुने भने थिएन। पुँजीवादकै छत्रछायामा गोरा जातिको उत्पीडनका विरुद्ध सङ्घर्षको नेतृत्वका क्रममा नेल्सन मण्डेलाले ३५ वर्ष जेल तथा हिरासतको जीवन बिताउनुपऱ्यो। नेपालमा राणा शासनका विरुद्ध सङ्घर्षका क्रममा नेपालका प्रथम सहिद लखन थापा १९३३ फागुन २, धर्मभक्त माथेमा १९९७ माघ १३, शुक्रराज शास्त्री १९९७ माघ १०, दशरथ चन्द १९९७ माघ १५ र गङ्गालाल श्रेष्ठ १९९७ माघ १५ मा हत्या गरिएको थियो । समष्टिमा सामन्तवादी राज्यसत्ताका विरुद्ध आजीवन काराबास, मृत्युदण्ड तथा देश निकालाका लागि तयार हुने महान् बलिदानी भावनालाई आजको मानव समुदाय तथा क्रान्तिकारीहरूले आत्मसात गर्दै स्यालुट गर्नै पर्दछ जसले हामीलाई निरन्तर वैज्ञानिक समाजवादी क्रान्तिको मार्गमा अघि बढिरहन दिशानिर्देश गरिरहेको छ र गरिरहनेछ।

जव सामन्तवादका विरुद्ध लामो समय सशस्त्र सङ्घर्ष गर्दै प्रगतिशील पुँजीवादले विश्वव्यापी रूपमा आफूलाई हाबी बनायो तब यसले जेल तथा हिरासतलाई त्यही रूपमा प्रयोग गऱ्यो जसरी दासयुग र सामन्ती युगले आफ्ना विरोधीहरूलाई दमनका लागि प्रयोग गरेको थियो। अझ पुँजीवादले साम्राज्यवादी युगमा प्रवेश गरेपछि त जेलका बारेमा अन्तर्राष्ट्रिय रूपमा विभिन्न परिभाषा र ऐनकानुनहरू जारी गरिए। जेलमा विभिन्न सेवा-सुविधाहरू जस्तो कि ससाना उद्योग, मनोरञ्जन तथा खेलकुदका साधन एवम् अध्ययन सामग्रीहरू उपलब्ध गराउने तथा कयौँ देशहरूले खुला जेल तथा हिरासतको अवधारणा पनि विकास गर्न थाले । अर्कोतर्फ राज्यसत्ताद्वारा आफ्ना विरोधीहरूलाई पक्राउ गरी गोप्य रूपमा हत्या एवम् बेपत्ता पार्ने, मृत्युदण्ड दिने, मानसिक तथा शारीरिक रूपमा अमानवीय यातना दिने तथा उनीहरूद्वारा परिभाषित गरिएको मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने कार्यलाई व्यापक रूपमा बढाइएको छ। अहिले साम्राज्यवादी मुलुकहरूले जेल-हिरासत तथा मानवअधिकारसम्बन्धी विषयलाई बडो गजबको राजनीतिक दाउपेचको विषय बनाएका छन् । जस्तो कि उनीहरूको स्वार्थअनुकूल चल्ने मुलुकहरूमा मानवअधिकारको गम्भीर उल्लङ्घन भए पनि त्यो सामान्य विषय बन्दछ भने उनीहरूको स्वार्थअनुकूल नचल्ने मुलुकहरूलाई मानवअधिकार उल्लङ्घन गरेको आरोपमा राजनीतिक तथा फौजी रूपले घेराबन्दी गर्ने र ध्वस्त बनाउने गरिँदै आएको छ।

वर्तमान पुँजीवादी राज्यसत्ताको मानवताविरोधी सारतत्वका विरुद्ध वैज्ञानिक समाजवाद-साम्यवाद स्थापनाका लागि सञ्चालन गरिएका कम्युनिस्ट क्रान्तिहरूका विरुद्ध पनि राज्यसत्ताले यसलाई भारी रूपमा प्रयोग गर्दै आएको छ। १९७१ म सम्पन्न पेरिस क्रान्तिको प्रतिक्रान्तिका सन्दर्भमा लाखौँको गिरफ्तारी, हजारौँको जेल तथा हिरासत तथा सयौँलाई मृत्युदण्ड दिइएको थियो। तत्कालीन रुसी जार शासक वर्गले अक्टोबर क्रान्तिका नायक कमरेड लेनिनलाई पक्राउ गरी जेल-हिरासतमा राख्नुका साथै देशनिकाला गरेको थियो। करिब दस वर्ष लेनिनले निर्वासनमा रहनुपऱ्यो । उहाँ त्यहीँबाट सशस्त्र क्रान्तिको तयारीमा लाग्नुभयो । अक्टोबर क्रान्तिपूर्व पनि त्यहाँ जारशाहीको विरोध गर्ने हजारौँ विद्रोही नेता-कार्यकर्ता तथा जनतालाई बन्दी वनाइएको थियो। चीन, कोरिया, भियतनाम, क्युबालगायत समाजवादी क्रान्ति सम्पन्न गरिएका मुलुकहरूमा पनि क्रान्तिका क्रममा जेल-हिरासत मोर्चाका सङ्घर्षहरू निकै महत्वपूर्ण रहेका छन्। हाल ल्याटिन अमेरिकी मुलुक पेरूका कमरेड अभिमायल गुज्मान रेनोसो (गोन्जालो) लगायत सयौँ नेता-कार्यकर्ता तथा जनता, भारत, फिलिपिन्स, टर्की, नेपाललगायत मुलुकहरूमा वैज्ञानिक समाजवाद-साम्यवादी राज्यसत्ता स्थापना गर्न लडिरहेका नेता-कार्यकर्ता तथा जनता जेललाई मोर्चा वनाएर सङ्घर्ष गरिरहेका छन् । मुख्यतः पेरू, भारतलगायत मुलुकमा पचासौँ वर्षदेखि जेलजीवन बिताइरहेका हजारौँ बन्दी कमरेड जसले समाजवादी राज्यसत्ता स्थापना गर्न अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका लागि महत्वपूर्ण योगदान गरिरहेका छन्, उनीहरूको क्रान्तिकारी जोसलाई आत्मसात र रेड स्यालुट गर्दै वैज्ञानिक समाजवादी-साम्यवादी राज्यसत्ता स्थापना गर्ने महान् बाटोमा निरन्तर अघि बढ्नु आजका क्रान्तिकारीहरूको दायित्व बनेको छ।

नेपालमा वैज्ञानिक समाजवाद-साम्यवाद स्थापना गर्न स्थापना गरिएको कम्युनिस्ट पार्टी र आन्दोलनले ७२ वर्ष पूरा गरेको छ । यसबीचमा नेपाली कम्युनिस्ट आन्दोलनले विभिन्न वीरता-बलिदान, उतार-उभार, पराजय-विजय, फुट-एकता तथा ध्वंस र निर्माणका अनेकौँ शृङ्खला पार गरेको छ भने नकारात्मक कोणबाट अध्ययन गर्दा कम्युनिस्ट आदर्श र मूल्यबाट स्खलन, धोका तथा गद्दारी, आत्मसमर्पण तथा दलालीजस्ता प्रवृत्तिहरूमा पनि यो व्यक्त भएको पाइन्छ। यसको संस्थागत नेतृत्व कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनद्वारा महासचिवमा निर्वाचित डा. केशरजङ्ग रायमाझीद्वारा गरिएको छ। कम्युनिस्ट पार्टीमा देखिएको संशोधनवादका विरुद्ध विद्रोह गर्दै २०१० सालतिर भीमदत्त पन्तद्वारा पश्चिम नेपालको तराईका जिल्लाहरूमा सञ्चालन गरिएको सशस्त्र किसान सङ्घर्ष, २०२५/२६ तिर कमरेड कामी बुढाको नेतृत्वमा पश्चिम नेपालका विभिन्न जिल्लाहरूमा सञ्चालन गरिएको किसान सङ्घर्ष निकै महत्वपूर्ण रहन गएका छन् जहाँ कमरेड कामी बुढालाई गिरफ्तारीपछि हत्या गरिएको थियो भने सयौँ नेता-कार्यकर्ता तथा जनताले जेल मोर्चाको सङ्घर्षमा भाग लिन पुगे।

पूर्वी नेपालका थुप्रै किसान सङ्घर्षहरू र मुख्यतः झापाको वर्गसङ्घर्ष निकै महत्वपुर्ण रहन पुगेको छ जहाँ सयौँ कमरेडको वीरतापूर्ण सहादत भएको छ भने हजारौँ कमरेड गिरफ्तारीपछि जेल मोर्चाको सङ्घर्षमा भाग लिन पुगेका थिए । झापा सङ्घर्षका क्रममा गिरफ्तार गरी थुप्रै कमरेडलाई गुपचुप हत्या गरियो भने गिरफ्तार गरी बन्दी बनाइएकाहरूमध्ये कृष्ण कुइँकेल, बिरेन राजवंशी, नेत्र घिमिरे, रामनाथ दाहाल र नारायण श्रेष्ठलाई २०२९ फागुन २१ गते जेल सार्ने बहानामा गोली हानेर हत्या गरिएको थियो । झापा आन्दोलनका क्रममा गिरफ्तार भई लामो समय जेल वसेकाहरूमा मुख्यतः केपी ओली, सीपी मैनालीलगायत थुप्रै नेता-कार्यकर्ता अहिले महत्वपूर्ण स्थानमा रहेका छन। नेपाली काङ्ग्रेसका शीर्ष नेताहरू बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, मातृकाप्रसाद कोइराला, गणेशमान सिंह, शेरबहादुर देउवा, रामचन्द्र पौडेललगायत थुप्रै नेता-कार्यकर्ताले पनि पञ्चायतविरोधी आन्दोलनका क्रममा लामो समय जेलजीवन बिताएका थिए। कथित पञ्चायती अदालतबाट मृत्युदण्डको फैसला सुनाइएका क्याप्टेन यज्ञ थापालाई जेल सार्ने बहानामा काठमाडौँबाट लगेर मकवानपुरको जङ्गलमा गोली हानेर हत्या गरिएको थियो। यी नेपाली राजनीतिक आन्दोलनका केही महत्वपूर्ण जेल-हिरासत तथा बलिदानका दृष्टान्तहरू हुन् । नेपालमा राजतन्त्रात्मक संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी गणतन्त्रात्मक राज्यसत्ता स्थापनाका लागि सञ्चालन गरिएको जनयुद्धमा थुप्रै कमरेडले जेल-हिरासतको मोर्चामा सङ्घर्ष गर्न पुगेका थिए । जनयुद्धका क्रममा गिरफ्तार गरेर २,२०० भन्दा बढी नेता-कार्यकर्ता तथा जनतालाई बेपत्ता बनाइएको छ र उनीहरूको अवस्था अहिले पनि अज्ञात रहेको छ। कमरेड कृष्ण सेन 'इच्छुक' लाई हिरासतमा यातना दिएर हत्या गरियो । कमरेड सुरेश वाग्ले, लली रोकालगायत ८,५०० नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी हत्या गरिएको छ र युद्धको मैदानमा वीरतापूर्ण सहादत भएको छ । यसप्रकारका घटना-परिघटनाहरू मुख्यतः नेपाली काङ्ग्रेसको नेतृत्वमा रहेको सरकारको पालामा भएको छ। जुन पार्टीले पञ्चायती व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्दा सबैभन्दा बढी हत्या र जेल तथा हिरासत मोर्चा बेहोर्नु परेको थियो भने नामधारी कम्युनिस्ट सारमा सामाजीक दलाल पार्टीको नेतृत्वको सरकारले वैज्ञानिक समाजवादी सताका लागि सङ्घर्षरत कम्युनिस्ट पार्टीका विरुद्ध प्रतिबन्धसहित दमन गर्न पुग्यो। यस अवधिमा देशव्यापी रूपमा २,२०० भन्दा बढी नेता-कार्यकर्ता तथा जनतालाई गिरफ्तार गरी जेल-हिरासतमा शारीरिक तथा मानसिक यातनासहित बन्दी बनाइयो । सरकार र हाम्रो पार्टीका बीचमा सम्पन्न तीनबुँदे सहमतिको करिब तीन महिना भैसकेको छ तर पनि करिब डेढ सयजना कमरेड जेल-हिरासत मोर्चामा रहेका छन् । त्यसो त कम्युनिस्ट पार्टी र वर्तमान सरकारको नेतृत्व गरिरहेका व्यक्तिहरूले पनि पञ्चायती व्यवस्थाद्वारा अराष्ट्रिय तत्व एवम् उग्रवादीको आरोपसहित कडा प्रतिवन्ध र दमनसहित जेल-हिरासतको दमन भोगेर आएका थिए । रूपमा हेर्दा अनौठोलाग्दा देखिने यी राजननीतिक घटनाक्रमहरू सारतत्वमा समाज विकास र वर्गसङ्घर्षका अनिवार्य परिणामहरू हुन् जुन घटनाक्रमहरू राजनीतिक विज्ञानअन्तर्गत समाज विकास र वर्गसङ्घर्षको क्रममा निरन्तर विकसित भैरहने प्रक्रिया हुन्।

इतिहास र वर्तमानका उल्लिखित सङ्क्षिप्त घटनाक्रमहरूले के कुरालाई स्पष्ट गर्दछन् भने क्रान्तिकारीहरूले जेल-हिरासत मोर्चालाई अनिवार्य रूपमा समाल्नु पर्दछ । जेल-हिरासत मोर्चाको अभावमा कुनै पनि राजनीतिक क्रान्ति न इतिहासमा सम्पन्न भएका थिए, न वर्तमानमा भैरहेको छ, न त भविष्यमा नै हुनेवाला छ। यसर्थमा क्रान्तिकारीहरूले यसलाई क्रान्ति पूरा गर्ने एउटा महत्वपूर्ण मोर्चाका रूपमा परिभाषित गर्दै यसलाई प्रयोग गर्नुपर्छ। हामीले प्रयोग गरिरहेको एकीकृत जनक्रान्तिको कार्यदिशाको दिशानिर्देश छ- संसदीय राज्यसत्ताविरुद्धको सङ्घर्षमा उच्च प्रकारको अनुशासन, सतर्कता र गोपनीयता अपनाउने कुराका अतिरिक्त आवश्यक पऱ्यो भने राज्यसत्ताको जेल-हिरासतलाई भरिभराउ गर्नसक्ने तत्परता पनि रहेको छ। यसको तात्पर्य के हो भने हामी समाजको क्रान्तिकारी परिवर्तनका लागि जुनसुकै मोर्चाका लागि पनि तयार रहनुपर्छ। केपी ओली नेतृत्वको सरकारले लगाएको प्रतिबन्ध र दमनका क्रममा हाम्रो पार्टीका नेता-कार्यकर्ता तथा जनतालाई बेलगाम गिरफ्तार गरिएकोमा अधिकांश न्यायालयको मोर्चाबाट छुटेका छन् भने करिब डेढ सय नेता-कार्यकर्ता हालसम्म पनि जेल तथा हिरासत मोर्चामा सङ्घर्षरत छन् । केही महत्वपूर्ण कमरेडलाई गिरफ्तार गरी कथित इन्काउन्टरका नाममा हत्या गरिएको छ । अहिले हामी वार्ताको प्रारम्भिक प्रक्रियामा छौँ र नेपाल सरकार तथा हाम्रो पार्टीका बीचमा केही महत्वपूर्ण सहमतिहरू भएका छन्। त्यसमध्ये एउटा जेल तथा हिरासतमा रहेका बन्दीहरूलाई रिहा गर्ने र विभिन्न झूट्टा मुद्दा खारेज गर्ने रहेको छ। उक्त सहमति भएको करिब तीन महिनामा पनि सरकारका तर्फवाट सहमति कार्यान्वयनमा गम्भीरता देखाइएको छैन । त्यसप्रकारको सरकारी रबैयाका विरुद्ध हामीले वैचारिक सङ्घर्ष सञ्चालन गरिरहेका छौँ र आवश्यक पऱ्यो भने सडक सङ्घर्षका लागिसमेत हामी तयार रहनुपर्छ । जे होस्, यो एउटा महत्वपूर्ण कार्यनीतिक मामिला हो । यही कार्यनीतिक शृङ्खलामार्फत हामी वैज्ञानिक समाजवाद-साम्यवाद स्थापनाको महान् रणनीतिक उद्देश्य र लक्ष्य प्राप्तिका लागि अगाडि बढिरहेका छौँ । जहाँ हामीले देश र जनताको मुक्तिका लागि थुप्रै बाङ्गाटिङ्गा मोडहरू पार गर्नुपर्नेछ र स्वाभाविक रूपमा जेल-हिरासत

... बाँकी पृष्ठ ४ मा

पृष्ठ १ बाट क्रमशः

# महासचिव क. विप्लवको राजनीतिक भेटघाट र क्रियाप्रतिक्रियाहरू

सायद यी अनुत्तरित प्रश्नहरूको गर्भमा देशको भविष्य लुकेको छ । यसमा एउटा विप्लवहरूको पहल के हुन्छ र अर्को सरकारको दृष्टिकोण र सम्बोधन (च्भकउयलकभ) के हुन्छ ? यो सबैले हेरेर बसेका छन् । किनभने सरकारको फेरबदल र राजनीतिक बदलावको अन्तर्यमा विप्लवको नेकपा छ ।

बदलिएको परिवेशमा राज्यका साथै सबै सरोकारवाला निकायहरू र राजनीतिक दलका नेता, बुद्धिजीवी, मानवअधिकारकर्मी, वकिल, पत्रकार सबैलाई भेट्ने हाम्रो पार्टीको गत आठौँ केन्द्रीय समितिको एघारौँ बैठकले गरेको निर्णय, बीचमा ३ महिना लामो लकडाउन र कोरोना महामारीका कारण स्थगनजस्तो बन्न पुगेको निर्णय कार्यान्वयनका लागि असार ३१ गते बसेको नेकपा केन्द्रीय सचिवालयको अनौपचारिक बैठकमा यसलाई पुनः अगाडि बढाउने सहमति भएअनुसार अहिले महासचिव कमरेड विभिन्न राजनीतिक दलका नेताहरू, प्रतिबन्धको बेलामा आफ्नै ठाउँबाट प्रतिबन्धको विरोध र उचित राजनीतिक निकासका बारेमा पहल गर्ने, विभिन्न ढङ्गले नेकपालाई सहयोग गर्ने व्यक्ति–व्यक्तित्वहरू सबैलाई भेट्ने क्रममा जुट्नुभएको छ । यसै क्रममा मानवअधिकारकर्मी, कानुनी तथा न्याय क्षेत्रमा काम गरिरहेका वकिलहरू, बुद्धिजीवी, पत्रकार, स्वतन्त्र व्यक्ति–व्यक्तित्वहरू, ब्युरोक्रेसी र सुरक्षा निकायबाट सहयोग गर्ने सम्पूर्ण मित्रहरूलाई धन्यवाद दिनुभएको छ र हाम्रो पार्टीका आगामी राजनीतिक दृष्टिकोण स्पष्ट पार्न र त्यसमा पनि सहयोग गर्न सबैलाई अनुग्रह गर्नुभएको छ । साथै देशलाई द्वन्द्वरित होइन, जनतालाई नै व्यवस्था छान्ने अधिकार दिन जनमतसङ्ग्रहमा जाने पार्टीको राजनीतिक एजेन्डालाई सबैसामु प्रस्तुत गर्न र आग्रह गर्नका निम्ति पनि यो भेटघाट र राजनीतिक पहल गरिएको हो ।

हाम्रो भेटघाट सुरु मात्र गरिएको छ । यो निरन्तर चल्दै जानेछ । मिल्ने मित्र शक्तिहरूसँगको सहयात्रा पनि यससँगै तय हुनेछ । यसका लागि स्वयम् महासचिव नै सक्रिय हुनुभएको छ । हालसम्म प्रचण्ड, माधव, बाबुराम, किरणलगायत नेताहरूलाई भेटिसक्नुभएको छ । वर्तमान प्रधानमन्त्रीदेखि निवर्तमान प्रधानमन्त्रीसम्म भेट्ने कार्यक्रम छ । यसमा खासगरी यसअघि केपी ओली नेतृत्वमा रहेको सरकारसँग गरिएको ३ बुँदे सहमति वर्तमान सरकारले स्वामित्व लिनुपर्ने र यसलाई वर्तमान सरकारले गम्भीरतापूर्वक लागू गर्ने अनुरोधदेखि हाल कोरोना महामारीले आक्रान्त सबै नेपाली जनतालाई निःशुल्क खोपको व्यवस्था गर्ने, बाढीपहिरो पीडितहरूको राहत, उपचार र सुरक्षित बासस्थानको व्यवस्था गर्ने, बुबाआमा गुमाएका, अभिभावकविहीन बनेका बालबालिकाको शिक्षादीक्षाको जिम्मा राज्यले लिनुपर्ने, कोरोना महामारीको बेला अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरूलाई जोखिम भत्ता उपलब्ध गराउने, बेरोजगारीलाई रोजगारको व्यवस्था गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा भइरहेको व्यापारिकरण रोक्ने, वर्गीयताको अन्त्य गर्ने, जनताको आधारभूत स्वास्थ्य उपचारहरू निःशुल्क गर्ने, कालोबजारी र बढ्दो महँगी नियन्त्रण गर्ने, इन्धनमा गरिएको पटकपटकको मूल्यवृद्धि खारेज गर्ने, भ्रष्टाचारीलाई कारबाही गर्ने, सम्पूर्ण राजबन्दीहरू रिहा गर्नुपर्ने र नेता, कार्यकर्ताहरूमाथि लगाइएको सम्पूर्ण झूट्टा मुद्दा खारेज गर्नुपर्ने, लिपुलेक हस्तक्षेप बन्द गर्नुपर्ने, एमसीसी, १९५० लगायत सम्पूर्ण राष्ट्रघाती तथा असमान सन्धिसम्झौताहरू खारेज गर्नुपर्ने, यस्तै सुकमबासी समस्या, जातीय भेदभाव र छुवाछूतका समस्या, महिलामाथि हुने गरेको उत्पीडन र हिंसा रोक्ने, नेपालको अस्थिर राजनीतिक व्यवस्थालाई स्थिरता र विकास तथा अग्रगमनका लागि अग्रगामी राजनीतिक निकासको एजेन्डा आदि विषयहरूमा सरकार र सरोकारवाला निकाय र नेता, व्यक्ति–व्यक्तित्वहरूसँग शीर्ष तहबाटै भेटघाट गर्ने र गम्भीरतापूर्वक छलफल गर्ने, पार्टीका धारणा र विचारहरू पस्कने, सचिवालयको निर्णयअनुसार नै महासचिव कमरेडले भेटघाटलाई तीव्रता दिनुभएको हो ।

यसबारेमा पार्टीको आन्तरिक पङ्क्तिमा पनि विभिन्न आशङ्काहरू र अड्कलबाजीहरू गरिनुलाई अस्वाभाविक ठानेका छैनौँ । पार्टीभन्दा बाहिर शुभचिन्तक, समर्थक पङ्क्तिमा पनि विभिन्न शङ्का–उपशङ्काहरू उब्जनुलाई अनर्थ मानेका छैनौँ । यसभन्दा बाहिर पनि कतिपयले यो भेटघाटलाई अर्थपूर्ण रूपमा लिएको पाइन्छ । यसबारे पनि धेरै तरङ्गित र आशङ्कित हुनुपर्ने जरुरी छैन । यससम्बन्धमा हामी के भन्न चाहन्छौँ भने –

 पहिलो कुरा त नेकपा यो देशको एउटा जिम्मेवार पार्टी हो । यो पार्टी देश र जनताको भलो चाहन्छ र मुलुकलाई उचित र अग्रगामी राजनीतिक निकास दिन कटिबद्ध र प्रतिबद्ध छ । सबै अग्रगामी विचार राख्ने मित्रशक्तिहरूसँग हातेमालो गर्दै अघि बढ्न पार्टी तयार छ ।

 दोस्रो, हाम्रो पार्टी नै त्यस्तो पार्टी हो जसले राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा हुँदै आएको सम्पूर्ण अव्यवस्था, कुशासन, भ्रष्टाचार, महँगी, राष्ट्रघात, विदेशी हस्तक्षेप, हिंसा, उत्पीडन र प्रतिगमनका विरुद्ध र समानता, न्याय र मुक्तिका लागि पार्टी बाहिर र भित्र पनि सम्झौताहीन सङ्घर्ष गर्दै आएको छ ।

 तेस्रो, यो देशमा व्यवस्थाको विकल्प कसैले दिन नसकिरहेको र सबै असफल संसदीय व्यवस्था र असफल नेताहरूकै वरिपरि 'फन्को मारिरहेको अवस्थामा आमजनता हामीतिर फर्केको र आशावादी बनेको अवस्था छ ।

 चौथो, अहिलेसम्म हेर्दा अब पनि हामीले जनता र देशलाई अग्रगामी राजनीतिक निकास नदिने हो भने देश र जनताले भयङ्कर ठूलो प्रतिगमनको मार भोग्नु पर्नेछ । त्यसका लागि पनि हामीले पहल गर्नुपर्ने दायित्व बढेको छ, यो जिम्मेवारी एउटा वैकल्पिक शक्तिका रूपमा उदाएको पार्टीको काँधमा आएको छ र यो देशलाई रूपान्तरण गर्ने जिम्मा पनि हाम्रै जिम्मामा आएको छ ।

 पाँचौँ कुरा हामी प्रतिबन्धित अवस्थाबाट खुला अवस्थामा आएका छौँ । हामी हाम्रा धेरै कुराहरू जनता र अरू राजनीतिक दलहरूमाझ राख्न पाएका छैनौँ । यो खुला अवस्थामा हामी हाम्रो राजनीतिक दृष्टिकोणहरू खुला रूपमा र विभिन्न माध्यमबाट राज्य पक्ष, सबै निकाय तथा सरोकारवालाहरूसँग र आमजनतासँग राख्न चाहन्छौँ ।

 छैटौँ तथा अन्तिम कुरा हामी कम्युनिस्ट हौँ । हामी नेपालमा साम्यवादी सत्ता स्थापना गर्न चाहन्छौँ । जनतालाई सबभन्दा बढी, कसैले दिन नसकेको जनवाद (लोकतन्त्र), जनअधिकार दिन चाहन्छौँ । यसका निम्ति एउटा क्रान्तिकारी पार्टीको हैसियतले देश, व्यवस्था, नेता र सिस्टम नै असफल भइरहेको अवस्थामा अबको अग्रगामी राजनीतिक दिशा हाम्रै पार्टीले दिनुपर्छ र दिइरहेको पनि छ । यसका निम्ति पनि हामी भेटघाटलाई अहिलेको जरुरी आवश्यकता ठानेर यो कदम चालेका हौँ ।

उपरोक्त पार्टी धारणा र दृष्टिकोणहरूलाई अगाडि सार्दै गर्दा निश्चय नै राजनीतिक जगतमा र आमकार्यकर्ता र जनपङ्क्तिमा संशयहरू उब्जनु स्वाभाविक हो । कार्यकर्ता पङ्क्तिमा उत्पन्न आशङ्काहरू हाम्रा माथिल्ला निर्णयहरू तल्ला निकायसम्म नआइपुगदाको परिणाम हो । यो कोरोनाका कारण लामो लकडाउनले र थप मौसम (बाढीपहिरो) पनि यसैमा थप हुन आएको छ । यसको कारणले केही अस्पष्टता र केही भ्रमहरू उत्पन्न भएका हुन् । कतिपय विपक्षीहरूले सचेत रूपले पारिदिनाले पैदा भएका भ्रमहरू हुन् । यसलाई तुरुन्तै विधि–प्रक्रिया र हाम्रा कार्यक्रमहरूले चिर्नेछ । जनतामा पर्न गएका भ्रमहरूलाई पनि हाम्रा विविध कार्यक्रमहरूले चिर्दै गएका छन् र बिस्तारै स्पष्ट हुँदै पनि गएका छन् । जहाँसम्म बाह्य पङ्क्तिमा उठेका केही भ्रम र आशङ्काहरू छन् ती कतिपय सचेत रूपले थाहा पाइपाई गरिएका छन्, ती गलत नियतले गरिएका छन् । यसको हामी राजनीतिक रूपबाटै चिर्नेछौँ । कतिपय विषयहरूलाई राम्रोसँग छिचोल्न नसकेर वा अधुरा बुझाइहरूबाट पनि यी प्रतिक्रियाहरू आएका छन् । यसलाई स्वागत गर्नुपर्छ र छलफललाई अझ गाढा बनाएर जानुपर्छ । सत्य कुरा धेरै दिन छिप्दैन, गलत कुरा धेरै दिन टिक्दैन । हामी सत्यका पक्षमा छौँ । त्यसैले एक दिन सत्यको विजय हुने नै छ, सबैले बुझ्नेछन् ।

जहाँसम्म भेटघाटको कुरा छ, यो अहिलेको आवश्यकता हो । हिजो हामी र हाम्रो पार्टीमाथि केपी ओली नेतृत्वको सरकारले प्रतिबन्ध लगायो । सबैलाई थाहा छ –

हामीले र हाम्रो पार्टीले कुनै नगर्ने काम गरेको थिएन । हाम्रो पार्टीले जनताको मागअनुसार भ्रष्टाचारीहरूलाई कारबाही गरेको थियो । सरकारलाई ७६ अर्ब कर नबुझाउने एनसेलमाथि कारबाही गरेर सरकारलाई सहयोग गरेको थियो । भारतीय नाकाबन्दी र सीमा हस्तक्षेपको विरोध गरेको थियो । नेपालका भूमिहीन नागरिकहरू (सुकुमबासीहरू) लाई बिनाकुनै विकल्प उनीहरूका छाप्राहरूमाथि आगो लगाइँदा, डोजर लगाइँदा र उठीबास गरिँदा त्यसको विरोध गरेका थियौँ । महँगीको विरोध र कालोबजारी गर्नेहरूलाई कारबाही गरेका थियौँ । समाजमा बढ्दै गएको सामाजिक विकृति, विसङ्गतिहरूको नियन्त्रण, अन्यायमा परेका निमुखा जनताका न्यायिक कार्यहरू गरेका थियौँ । यी कामहरू नाजायज थिएनन् । अनि हामीले सङ्गठन गर्न पाउने अधिकार, प्रचार, सभा–सङ्गठन गर्न पाउने अधिकार, भोट दिने वा नदिने अधिकार, विचार प्रवाह गर्न पाउने अधिकार र जनताको सुरक्षाका अधिकारहरू प्रयोग गर्दा हाम्रो पार्टीमाथि प्रतिबन्ध लाग्यो । पछि सबैको विरोधपछि यो अनावश्यक भएको ठहर भएपछि र यसले केपी सरकारमाथि थप सङ्कट पैदा गर्दै गएपछि यो प्रतिबन्ध खारेज गर्न स्वयम् केपी ओली बाध्य पनि भए ।

अब सबैको जिज्ञासा छ अब सरकार बदलिएको छ । अब देउवा नेतृत्वको सरकारले केपी ओली नेतृत्वको सरकार र नेकपाबीच भएको वार्ता र ३ बुँदे सहमतिलाई कसरी लेला, के गर्ला ? हिजो दस वर्षको जनयुद्ध यही शेरबहादुरकै कारण भएको थियो । हिजो संयुक्त जनमोर्चाका तर्फबाट बाबुराम भट्टराईले बुझाएका ४० बुँदे मागको सुनुवाइ नगर्दा जनयुद्ध सुरु भयो । अहिले विप्लवले उठाएको प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको एजेन्डालाई के शेरबहादुर देउवाले सकार्लान् ? आदि प्रश्नहरू बाहिर उठिरहेका छन् । निश्चय नै यो इतिहासको एउटा कडी हो । देशले अझै निकास पाएको छैन । हिजो यही शेरबहादुर हो जसले ४० बुँदे मागलाई रद्दीपानमा फ्याँक्दा १७ हजार मान्छे मरे । आज जनमतसङ्ग्रहलाई लत्याइयो भने के हुन्छ ? कति मान्छे मर्ने हुन्, मार्ने हुन् ? यस्ता प्रश्नहरू उठिरहेका छन् । यी प्रश्न र जिज्ञासाहरू नाजायज पनि छैनन् । समाज र राष्ट्रको अग्रगमनको यात्रालाई जबर्जस्त रोक्ने काम भयो, कतै प्रतिगमनकारी कदम फेरि हावी भयो र अग्रगमनको कदममा बाधा–अवरोध खडा भयो भने यसले अर्को तर्फबाट निकास खोज्छ र स्थिति नसोचिएको ढङ्गबाट अघि बढ्छ । यो नियम हो । यो स्थिति नआओस् भन्नका खातिर पनि यो राजनीतिक भेटघाट चालिएको हो ।

यति बेला अदालतदेखि सरकारसम्म र सदनदेखि राजनीतिक दलसम्म विदेशी शक्तिहरू सक्रिय भएका छन् । हिजोको सरकारको निर्णयप्रक्रियादेखि सर्वोच्चको निर्णयप्रक्रियासम्म हेर्दा विदेशी शक्तिकेन्द्रहरूको प्रभाव देखिन्छ । यो हाम्रो देशको विडम्बना हो । प्रधानमन्त्री नियुक्ति, व्यवस्थापिकाको अधिकार क्षेत्रभित्रको काम पनि सर्वोच्चले गर्नुपर्ने लाजमर्दो अवस्था देखियो । संसद्को पुनर्स्थापनासम्म गर्ने काम सर्वोच्चको हो कि‍नकि यसका नजिरहरू छन् तर प्रधानमन्त्रीको नियुक्ति संसद्बाट बहुमतले चुन्ने पुँजीवादी संसद्को अधिकारसमेत छिनेपछि विचरा निरीह सांसदहरूको के काम ? पुनर्बहाली भएकैमा र आफ्नो जागिर जोगिएकैमा मख्ख हुने भए । शक्ति पृथकताको संसदीय मान्यताले पनि पटकपटक धोती लाएकै छ । फेरि पनि यो अन्तिम हल होइन । फेरि पनि यी र यस्ता अनैतिक घटनाहरू यो व्यवस्था रहुन्जेल दोहोरिरहन्छन् र रहनेछन् । त्यसैले अबको निकास संसदीय निर्वाचन वा स्थापना–पुनर्स्थापना होइन । व्यवस्थापकीय प्रणाली नै बदल्नुपर्छ । यो 'सय झट्का हाने पनि नमच्चिने पिङ' को काम छैन । त्यसका निम्ति पनि उचित विकल्प चाहिएको छ र हामीले 'जनमतसङ्ग्रह' को विकल्प दिएका छौँ । यसका निम्ति सबै राजनीतिक दलका नेताहरूसँग प्रारम्भिक पहलका रूपमा यो भेटघाट हो । यसले प्रगति गर्दै अगाडि गयो भने यसले बृहत् छलफलको माग गर्न सक्छ । कुनै राष्ट्रिय स्तरको सम्मेलन र सभाहरूको सम्भावना आउन सक्छ । यो सम्भावनालाई कतिपयले यतिबेला असान्दर्भिक, अनावश्यक, बेमौसमको भन्न सक्छन् तर यो सम्भव छ । बिनाकुनै बाह्य हस्तक्षेप र बिनाअङ्कुश सबै एक ठाउँमा उभिने हो भने र देश र जनताको भलो र प्रगतिका निम्ति निधार खुम्च्याउने हो भने यो भोलि बिहानै सम्भव छ किनकि पुरानो औषधीले काम गर्न छाडिसक्यो । अब नयाँ औषधी जरुरी भइसक्यो । नयाँ लिन पनि नसक्ने, पुरानै खुवाउन खोज्ने पुरातन चिन्तनले बिरामी मर्न लागिसक्यो । बिरामी मरेपछि उपचार गर्ने डाक्टरको के काम भयो र ! यो अहिलेको हाम्रो देशको समस्या हो ।

यी गम्भीर समस्याहरू हल गर्न हाम्रो पार्टीले केपी ओलीको सरकारताका नै निर्णय गरेको तर परिस्थितिले कार्यान्वयन हुन नसकेको एजेन्डालाई महासचिव कमरेडले अगाडि बढाउनुभएको छ । यसमा कोही पनि चिन्तित र आशङ्कित हुनु पर्दैन । यो पार्टी केन्द्रीय समितिको निर्णय हो ।

हो, हिजो प्रचण्डले जनयुद्ध र नेपाली क्रान्तिका सन्दर्भमा एउटा महान् गद्दारी गरेकै हो । केपी–माधवहरूले हिजो जनयुद्ध दमन गर्न साझेदारी गरेकै हुन्, देउवाले प्रचण्डलगायत हाम्रो टाउकाको मूल्य तोकेर झोलामा टाउको ल्याऊ, झोलाभरि पैसा लैजाऊ भनेकै हो । बाबुरामले जनयुद्धलाई लोकतन्त्रमा लगेर हुल्ने काममा प्रचण्डलाई डोऱ्याएकै हो र कम्युनिस्ट नै छाडेर धेरै पर पनि पुगेकै हुन् । पछिल्लो चरणमा केपी–प्रचण्डहरू मिलेर नेकपामाथि प्रतिबन्ध पनि लगाएकै हुन् । यो कारणले तिनीहरूसँग भेट्नै हुँदैन र कुरै गर्नु हुँदैन भन्ने सङ्कीर्ण चिन्तन पनि कम्युनिस्ट आन्दोलनमा छ । यो सङ्कीर्णताले पनि हामीलाई निकै सानो घेरामा धकेलेको छ । भेटघाट र कुराकानी हुँदैमा पार्टी एकता भएको सम्झने, कुराकानी नहुँदैमा पूरै दुस्मनी भएको सम्झने काँचोपना वा टपरटुइयाँ कुरा हुन् । सामाजिक सञ्जाल र मिडियाहरूमा भएको प्रचारबाजी सबै सत्य हुँदैन । उहिलेका पुर्खाहरूले ' आगो नलागी धुवाँ आउँदैन' भन्थे तर आज विज्ञान र प्रविधिले आगो नलागीकनै धुवाँ आउने बनाइदिएको छ । यसको एउटा उदाहरण :

आजभन्दा केही वर्षअगाडि हो, हामी केन्द्रीय समितिको तयारीका लागि स्थायी समितिको बैठक बसिरहेका थियौँ । महासचिवले पेस गर्नुभएको राजनीतिक दस्तावेजमा निकै सौहार्दपूर्ण र भावपूर्ण छलफल गरी पास गरेर केसमा जाने तयारी गरिरहेका थियौँ र हामी ५ जना सँगै थियौँ । बेलुका खानापछिको समय थियो । बीबीसी सुन्न सबै जुटेका थियौँ । त्यस बेला सामाजिक सञ्जालमा 'नेकपाको स्थायी कमिटीमा दुई दस्तावेज पेस, विप्लव र प्रकाण्डबीच ठूलो मतभेद' भनेर कसैले लेख्यो । त्यो सबैतिर फैलियो । त्यो सबभन्दा पहिले प्रकाण्ड कमरेडले नै हेर्नुभयो र हाँस्दै हेर्नुस् त बदमासहरूले यस्तो लेखिभ्याएका भनेर महासचिवलाई देखाउनुभयो । हामी सबैले हेऱ्यौँ । अनि हाँस्यौँ र भन्यौँ– आगो नलागी धुवाँ आउँदैन भन्ने उखान फेल भयो । नभन्दै अर्को दिन बिहान आन्तरिक पद्धतिबाट सबैले फोन गर्न लागे– 'के हो ? कुरो यस्तो आयो', 'तपाईंहरूले पनि हामीलाई धोका दिनुभयो भने मानिनेछैन', 'के यो साँच्चै हो ?', 'तपाईंहरूले लुकाइछिपाइ गर्नुभाछ कि के हो ?', 'अलिअलि नभए किन लेख्लान् र ?' यस्ता प्रश्नहरू गर्न थाले जो सोह्रै आना गलत थियो । आजभोलि सामाजिक सञ्जालबाटै राजीनामा दिने, प्रश्न गर्ने, स्पष्टीकरण दिने, दल अदलबदल गर्ने, पार्टी फुटेको वा जुटेको घोषणा गर्ने, पार्टी निर्माण गरेको घोषणा गर्नेजस्ता फेसबुक विकृतिका घटना पनि भइरहेका छन् । पछिल्लो चरण हाम्रा महासचिवको भेटघाटका बारेमा पनि अनेक लेख्ने र भएनभएका लेख्ने गरेको पाइन्छ । ठीक छ लेख्न पाइन्छ, लेख्नै नपाइने भन्ने होइन तर लेख्न पाएँ भन्दैमा जे पायो त्यही लेख्ने, बोल्न पाएँ भन्दैमा जे पायो त्यही बोल्ने त होइन होला । जायज, तर्कसङ्गत, सत्य र वैज्ञानिक कुराहरू लेख्नुस्, लेख्नुपर्छ, छलफल गर्नुपर्छ, केही आपत्ति छैन । कसैले लेख्यो भन्दैमा 'कागको पछि दगुर्ने' बानी पनि राम्रो होइन । माओले सही भन्नुभएको छ, 'जाँचबुझ नगरीकन बोल्ने अधिकार कसैलाई छैन ।'

अन्त्यमा

सबैमा हाम्रो आग्रह छ– देशको प्रगति र स्वाधीनताका निम्ति, शान्तिपूर्ण राजनीतिक निकासका निम्ति, जनताको समस्या समाधानका निम्ति, राजनीतिक अस्थिरताको अन्त्य र दिगो शान्ति र विकासका निम्ति, सामाजिक रूपान्तरण र परिवर्तनका निम्ति, जनतालाई अधिकतम जनवाद अर्थात् लोकतन्त्र सुनिश्चित गर्न आफ्नो व्यवस्था आफैँ चुन्ने अधिकार दिनका निम्ति, समग्र राजनीतिक परिस्थितिलाई एउटा सुसभ्य मानव समाजको निर्माण तर्फ दोऱ्याउनको निम्ति, हाम्रो पार्टी केन्द्रका तर्फबाट महासचिव कमरेड विप्लवले जुन पहल गरिरहनुभएको छ, यो अहिलेको टड्कारो आवश्यकता हो । सबै राजनीतिक दलहरू आपसी झगडा र कुर्सी खेलमा अल्झिएको बेला, देश विदेशी शक्तिहरूको क्रीडास्थल बनिरहेको बेला र देशमा एउटा राजनीतिक सङ्कट परेको बेला यो पहल र भेटघाटले सबैलाई राजनीतिक रूपले अगाडि बढ्न सहज र मद्दत पुग्ने नै छ र यसको दूरगामी महत्व हुनेछ भन्ने आशा गरौँ । नकारात्मक कोणबाट होइन, सकारात्मक कोणबाट हेरौँ र बुझौँ, पक्कै पनि 'जनमतसङ्ग्रह' अहिले सबैलाई असहज, असम्भव र बेमौसमजस्तो लाग्न सक्छ तर यो सम्भव छ, निश्चित छ । कुनै दिन राजतन्त्रको अन्त्यको कुरा गर्दा र गणतन्त्रको कुरा गर्दा पनि यस्तै लाग्थ्यो र यस्तै भन्थे । तर त्यो सम्भव भयो भने यो किन सम्भव हुँदैन ? दोस्रो, जनतालाई आफ्नो व्यवस्था चुन्ने अधिकार दिन किन हिच्किचाउने ? तेस्रो, जनतालाई व्यक्ति होइन, व्यवस्था चुन्ने अधिकार दिनु लोकतन्त्रको पहिलो सर्त हो । यो दिन नमान्नु अधिनायकवाद हो । बेलैमा सबैले सोचौँ ।

## एनसेल र एनसीसी ....

आयोजित पत्रकार सम्मेलनमा पार्टीका केन्द्रीय सदस्य तथा उदयपुर जिल्ला इन्चार्ज विवेक कुमालले नेपाल र नेपाली जनताका लागि राष्ट्रघाती र जनघाती सिद्ध हुने एमसीसी कुनै हालतमा कार्यान्वयनमा ल्याउन नदिने वाचा गरे ।

उनले राज्यलाई तिर्नुपर्ने अर्बौं कर नतिर्ने एनसेलाई पनि पार्टीले कुनै हालतमा नछाड्ने नीति लिएको बताए । पार्टी बैठकको निर्णय सार्वजनिक गर्दै पत्रकार सम्मेलनमा कुमालले राष्ट्रघाती एमसीसी र कर छली गर्ने एनसेलविरुद्ध अनवरत सङ्घर्ष गर्ने तथा चुच्चे नक्साको कार्यान्वयन तथा राष्ट्रियता र जनजीविकाका विषयमा पार्टी निरन्तर लागिरहने प्रतिबद्धता जनाए ।

कुमालका अनुसार बैठकले विभिन्न १५ बुँदे निर्णयपारित गरेको छ । नेपालमा संसदीय व्यवस्था असफल सिद्ध भइसकेकाले अब विकल्पको खोजी गर्दा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने ठहर पार्टीले लिएको छ । नेकपाले एकीकृत जनक्रान्तिबाट संसदीय व्यवस्थाको विकल्प खोज्दै संयुक्त प्रगतिशील सरकार गठन गरी जनमतसङ्ग्रहमा जानुपर्ने धारणा पारित गरेको छ ।

'नेपालमा अहिलेसम्म लागू भएको पटकपटकको संसदीय व्यवस्था असफल सिद्ध भइसक्यो', कुमालले भने, 'त्यसैले अब यसको विकल्पको खोजी गर्दै वैज्ञानिक समाजवादको दिशातर्फ अघि बढ्नुपर्छ । त्यसका लागि जनमतसङ्ग्रहमार्फत नयाँ व्यवस्था स्थापना हुनुपर्छ ।' जनमतसङ्ग्रह गर्नुअघि सबै राजनीतिक दलहरू सम्मिलित संयुक्त प्रगतिशील सरकार गठन गर्नुपर्ने धारणा पनि पार्टीको रहेको कुमालले बताए ।

वैज्ञानिक समाजवाद प्राप्त गर्नका लागि पार्टीले गाउँ र सहर जोड्ने मध्यम वर्गलाई उपयोग गर्दै किसान र मजदुरको सहयोग लिएर एकीकृत जनक्रान्तिलाई उचाइ दिने 'रोडम्याप' पार्टीको रहेको कुमालले बताए । २००७ सालदेखि अहिलेसम्मको संसदीय अभ्यास, १० बर्से जनयुद्ध, त्यसअघि र पछिका विभिन्न आन्दोलन र सङ्घर्षहरूको संश्लेषण गर्दै नेपाली समाज सुहाउँदो व्यवस्था नै वैज्ञानिक समाजवाद भएको ठहर पार्टीको रहेको उनले बताए ।

एकीकृत जनक्रान्तिको माध्यमबाट स्थापना हुने वैज्ञानिक समाजवादमा वर्गविहीन समाज निर्माण हुने र त्यसमा शिक्षा, स्वास्थ्यलगायत आधारभूत कुराहरू जनतालाई निःशुल्क प्राप्त हुने पार्टीको निष्कर्ष छ ।

पार्टीको आगामी आन्दोलनका विषयमा पत्रकारहरूको जिज्ञासामा उनले ओली सरकारसँग सुरु भएको आफूहरूको वार्तालाई देउवा सरकारले निरन्तरता दिने–नदिनेमा त्यो कुरा भर पर्ने उनले बताए । हिजो थालिएको वार्ता ओलीसँग नभएर सरकारसँग गरेको भन्दै त्यसलाई जुनसुकै सरकारले पनि निरन्तरता दिनुपर्ने हुँदा देउवाले पनि निरन्तरता दिएर टुङ्ग्याउनुपर्ने पार्टी धारणा उनले व्यक्त गरे ।

पार्टीमाथिको प्रतिबन्ध फुकुवा, नेता–कार्यकर्तामाथि लगाइएको झूट्टा मुद्दा खारेजी र राजबन्दीहरूलाई निःसर्त रिहा गरी मुख्य ३ बुँदामा केन्द्रित भएर पार्टीले सरकारसँग वार्ता थालेको भन्दै उनले पहिलो बुँदा मात्र कार्यान्वयन भएको बताए ।

न्यूनतम् ३ मध्ये दोस्रो र तेस्रो बुँदालाई सरकारले कार्यान्वयनमा नल्याएको भन्दै उनले रोल्पा र दाङमा ३/३ जना तथा बाजुरामा १४ नेता–कार्यकर्ता छुटे पनि उनीहरू अदालती प्रक्रिया पूरा गरेरै छुटेकाले सरकारले छाडेको भन्न नमिल्ने बताए । 'पार्टीले राखेका ३ सर्तमध्ये प्रतिबन्ध फुकुवाको मात्र पूरा भएको छ । झूट्टा मुद्दा खारेजी र राजबन्दीको निःसर्त रिहाइका दुई बुँदा बाँकी नै छन्', उनले भने 'रोल्पा, दाङ र बाजुरामा छुटेका हाम्रा नेता–कार्यकर्ता अदालती प्रक्रिया पूरा गरेरै छुटेका हुन् । फरक यत्ति छ, यसअघि अदालतले छाड्दा तत्काल पक्राउ गरेर फेरि थुनामा राख्थ्यो, अहिले त्यसो गरेन ।'

नेता भरत बमलगायत अझै एक सयभन्दा बढी आस्थाका बन्दीहरू देशका विभिन्न कारागारमा थुनामा रहेकाले उनीहरूलाई बिनासर्त रिहा गर्न कुमालले सरकारको ध्यानाकर्षण गराए । त्यसका लागि देउवा सरकारसँग वार्तालाई निरन्तरता दिने प्रयासस्वरूप महासचिव विप्लवले भर्खरै सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड र एमाले नेता माधव नेपालसँग भेटघाट गरेको उनले बताए ।

पार्टी जिल्ला सेक्रेटरी लक्ष्मण पौडेलले अहिलेको दलालसंसदीयव्यवस्थाको विकल्पवैज्ञानिक समाजवाद मात्र भएकाले त्यसको स्थापना गर्न पार्टी तल्लो तहबाटै अघि बढ्ने योजनामा रहेको बताए । बैठकले समाजवाद लक्षित कार्यक्रमलाई ठोस गर्न साङ्गठनिक जिम्मा तोक्दै जिल्लामा युवा, विद्यार्थी, राजनीतिक दल, बुद्धिजीवी, पत्रकार, व्यवसायीलगायत सबै पक्ष सम्मिलित प्रगतिशील संयक्त सरकार बनाए जनमतसङ्ग्रहबारे व्यापक बहसको थालनी गर्ने निर्णय भएको सेक्रेटरी पौडेलले बताए ।

# एकीकृत जनक्रान्ति र जनमतसङ्ग्रह



देवनारायण शाह

एकीकृत जनक्रान्तिको मुख्य आधारमा मार्क्स लेनिन र माओले विकास र संश्लेषण गरेका सार्वभौमिक महत्वका विचारहरूको आत्मसात र प्रयोग गर्ने र पछिल्लो समयमा विकास भएका राजनीतिक, आर्थिक, प्राविधिक विशेषताहरू र ती विशेषताहरूद्वारा सिर्जना भएका नयाँ अन्तरविरोधहरूलाई समाधान गर्ने विचारको निर्माण भएको छ ।

कमरेड लेनिनले क्रान्तिका लागि विचारको महत्वमा क्रान्तिकारी सिद्धान्तबिना क्रान्ति हुँदैन, राजनीति हासिल गर्न जनयुद्ध र सत्ता प्राप्त गर्न क्रान्ति गर्नुपर्छ भन्नुभयो । क्रान्तिका लागि लौह अनुशासन भएको कम्युनिस्ट पार्टी, जनताको विद्रोही चेतना र सहभागिता, जनताका पक्षमा लड्ने शक्ति अनिवार्य हुनुपर्छ भन्नुभयो ।

क्रान्तिको विचारको महत्वमा माओले राजनीतिक विचारलाई शीर्ष स्थानमा राख र क्रान्तिका लागि असल अनुशासित कम्युनिस्ट पार्टी, जनताको सहयोग र जनताको सेना अनिवार्य हुने बताउनुभयो ।

क्युबामा बुर्जुवा पुँजीवादी सत्ताका विरुद्ध प्रत्यक्ष छापामार सशस्त्र सङ्घर्षमार्फत नयाँ सत्ताको गठन साबित भएको छ ।

जहांसम्म २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना प्रवासमा भए पनि कमरेड पुष्पलालगायतले दोस्रोपल्ट कुनै पनि संस्थापक कम्युनिस्ट पार्टीको नेतृत्वमा आउन सकेनन् । नेपाल कम्युनिस्ट पार्टीभित्र छद्मभेषी दरबारपरस्त पछिल्लो कालमा भारतीय एकाधिकार पुँजीवादपरस्तको घुसपैठका कारण कम्युनिस्ट पार्टीभित्र रहेका कार्यकर्ता र जनता अन्योलमा रहिरहे ।

यो बन्धन र भ्रमबाट मुक्त हुन एमालेको संशोधनवादी, अवसरवादी र उदारवादी विचारसहित जडसूत्रवादी, कठमुल्लावादी, सङ्कीर्ण कम्युनिस्ट घटकलाई परित्याग गरी जनताको आफ्नै सेना र अनुशासित असल कम्युनिस्ट पार्टी (माओवादी) २०५१ सालमा प्रचण्डको नेतृत्वमा वैज्ञानिक समाजवाद साम्यवाद व्यवस्था स्थापनाको निम्ति दीर्घकालीन जनयुद्ध र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने उद्घोष गरिएको थियो ।

नेपालका तमाम शोषक, सामन्त, राजामहाराजा, जमिनदार, सूदखोर, अमानवीय छुवाछूत, ठूलो जात सानो जात, दहेज, बोक्सी, धामीप्रथा र संसदीय राजतन्त्रका विरुद्ध भीषण वर्गसङ्घर्षको सुरुआत भयो जसमा तमाम उत्पीडित, शोषित, श्रमिक गरिब जनता सहभागी भए । यसको फलस्वरूप जनयुद्धले ८०% भूभाग आममजदुर-किसानको हातमा शासनसत्ता चलिरहेको थियो ।

संसदीय राजतन्त्रका मतियार एमाले, काङ्ग्रेस एउटा सानो कुनामा थन्केका थिए । तत्कालीन राजा ज्ञानेन्द्रले एमाले-काङ्ग्रेसका नेतालाई नजरबन्द र बन्धक बनाइसकेपछि जनताका सेना र जनताको कम्युनिस्ट पार्टी नेकपा (माओ वादी) ले मात्र ज्यान बचाउन सक्छ भनी हारगुहार गरे । त्यसपछि नेकपा (माओवादी) सँग रहेका सहिदको रगत, अपाङ्ग, घाइते, जिउँदा सहिद, श्रमिक जनता, आममजदुर, किसान, उत्पीडित गरिब जनता, जनमुक्ति सेनाको भीषण सङ्घर्षकै बीचमा जनआन्दोलनसमेत थपियो र २४० वर्षसम्म सञ्चालित राजतन्त्रलाई अन्त्य गऱ्यो ।

राततन्त्रको अन्त्यपछि काङ्ग्रेस, एमाले र कुण्ठित मधेसवादी दलहरूले शान्तिकालमा नेकपा (माओवादी) को राजनीतिमाथी दुस्साहसपूर्वक धावा र षड्यन्त्र गर्न थाले । तराई, मधेस पहाडमा तत्कालीन प्रहरी प्रशासकसँग गठजोड गरी जनतान्त्रिक, कोब्रालगायत दर्जनौँ आतङ्ककारी सङ्गठन निर्माण गरी निहत्था योद्धामाथि प्रहार गर्न थाले । शन्तिपूर्ण कार्यक्रममाथि जघन्य अपराधमूलक हत्या, हिंसा मच्चाउन थाले । यसको उदाहरण गौर हत्याकाण्ड हो । ती सङ्गठनहरूलाई प्रशासकहरूले नै हतियार दिने गरेका थिए । आमउत्पीडित श्रमीक जनतालाई रुस र चीनले दिएका ६५ वटा कारखानाहरू काङ्ग्रेस-एमालेहरूले बेचे र देशलाई पराधीन बनाए । नदीनाला र पानीको मुहान बेचेर राष्ट्रघात गरे र देशमा दलाल पुँजीवादी व्यवस्था कायम राखी देशमाथि सङ्कट थोपरेर दलाल संसदीय मतियारहरू एकआपसमै विकासप्रेमी हौँ भनी नाटक मञ्चन गरिरहेका छन् ।

जनयुद्धले हासिल गरेको भूभागलाई एमाले-काङ्ग्रेसले ऐतिहासिक आन्दोलनमाथि कुठाराघात गरी दलाल संसदीय व्यवस्थालाई निरन्तरता दिए । सम्पूर्ण सहिद, अपाङ्ग, घाइते, जिउँदा सहिदलाई 'द्वन्द्व कालका विद्रोही, आतङ्ककारी, घाइते, अपाङ्गको संज्ञा दिइरहेका छन् । जुन जनयुद्धको शक्ति र बलका कारण राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र मेयर भइरहेका छन्, उसैलाई राष्ट्रिय सहिद, अपाङ्ग, घाइते घोषणा गर्न नसक्ने बेइमानहरूको अन्त्य हुनु अनिवार्य छ । यो सबै जनताले महसुस गरिसकेको कुरा हो । नेपाली जनताले उत्पीडित, श्रमिक, शोषित, पीडित आमनेपाली जनताको मौलिकतामा आधारित एकीकृत जनक्रान्तिको कार्यदिशालाई स्वीकार गरेका छन् र यही स्वीकारोक्तिमा दलाल संसदीय व्यवस्था विघटन हुन लागेको छ । यसको फलस्वरूप संयुक्त प्रगतिशील सरकार गठन गरी ८० प्रतिशत उत्पीडित, गरिब जनता, किसान, मजदुर, श्रमिकहरूको सचेत सहभागितामा हुने जनमतसङ्ग्रहद्वारा वैज्ञानिक समाजवादी युगको स्थापना अनिवार्य र सम्भव छ ।

> “जनताका आत्मा भनेका जनप्रतिनिधि र जनसेवक हुन् । नोकरशाहीको परमादेशमार्फत प्रधानमन्त्री छनोट हुनु नै दलाल संसदीय व्यवस्था असफल हुनु, देश र जनता सङ्कटको भुमरीमा पर्नु हो । जनताले असल जनप्रतिनिधि, जनसेवक, वैज्ञानिक समाजवादमा मात्र प्राप्त गर्न सक्छ”

य ा `

जनमतसङ्ग्रहबाट मुठीभर दलाल ससदीय व्यवस्थाका शोषक, नवसामन्त, नवधनाढ्य, संशोधनवादी, छद्मभेषी मतियारहरू उत्पीडित जनताको मतसँग तर्सिन्छन् । तमाम उत्पीडित जनतालाई स्रोत-साधनबाट वञ्चित राखेर दास, नोकर बनाउँदै आफू सिंहासनको जीवनयापन गरिरहन आदत परेका अमानवीय मानिसका झुण्डहरू आफू सकिन सपना देखिरहेका छन् ।

सहरमा बसिरहने छद्मभेषी, संशोधनवादी तप्काका केही अवसरवादी, उदारवादीहरू जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवाद आउन सक्दैन भनिरहेका छन् । वर्गसङ्घर्षमा पनि सहभागिता नहुने दलाल, बुर्जुवा पुँजीवादले दमन, हत्या र थुनछेक गर्छ भनी ज्यान जोगाउन भयभीत भई डराएका, वर्गसङ्घर्षदेखि भागेकाहरू जनमतसङ्ग्रहबाट आमूल परिवर्तन नहुने भनी बकमफुसे तर्क गर्छन् ।

जनताका आत्मा भनेका जनप्रतिनिधि र जनसेवक हुन् । नोकरशाहीको परमादेशमार्फत प्रधानमन्त्री छनोट हुनु नै दलाल संसदीय व्यवस्था असफल हुनु, देश र जनता सङ्कटको भुमरीमा पर्नु हो । जनताले असल जनप्रतिनिधि, जनसेवक, वैज्ञानिक समाजवादमा मात्र प्राप्त गर्न सक्छ जहाँ सम्पूर्ण युवकले व्यक्तिका लागि नभई देशका लागि आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन, आठ घन्टा आराम र बालबालिका बिनाभेदभाव समान अवसरमा विशेषज्ञ बन्ने अवसर, वृद्धवृद्धाले राज्यबाट सम्मान पाउने, अनिवार्य काम गर्नु नपर्ने, रेखदेख राज्यले गर्नुपर्ने अवस्था सुनिश्चित गरिन्छ । आधुनिक सुविधाहरूमा समान अवसर र वस्तुहरूमा अभाव नभई पर्याप्त हुने अवसरमा राज्य तल्लीन रहन्छ ।

## जेल तथा हिरासत मोर्चा ....

मोर्चालाई झेल्नु पर्नेछ । यसर्थमा आगामी दिनमा जेल-हिरासत मोर्चालाई योजनाबद्ध र व्यवस्थित रूपमा अगाडि बढाउन पार्टीले निम्नकुरामा ध्यान दिनुपर्छ :

### (१) पार्टीको जेलनीति–

क्रान्तिकारीहरूका लागि जेल एउटा अनिवार्य मोर्चा रहेको कुरा हामीले माथि सङ्क्षिप्त चर्चा गरिसकेका छौँ । यो क्रान्तिकारीहरूले बेहोर्नुपर्ने एउटा अनिवार्य मामिला हो । यति निष्कर्षमा पुगिसकेपछि हामीले यसबारेमा योजनावद्ध जेलनीति र त्यसको प्रयोगमा ध्यान दिनै पर्दछ । यसको अभावमा सिङ्गो पार्टी आन्दोलन विकेन्द्रित हुन पुग्छ । राज्यसत्ताद्वारा गिरफ्तार भइसकेपछि हरेक नेता-कार्यकर्ता कसरी प्रस्तुत हुने, पार्टी नीति र योजनाको रक्षा कसरी गर्ने तथा हामीलाई दमन गर्नका लागि प्रयोग गरिएका विद्यमान कानुनी मामिलाहरूमा कसरी प्रतिवाद र सामना गर्ने आदि विषयहरू आधारभूत रूपमा एकरूपताका साथ स्पष्ट गरिनु पर्दछ र त्यसको कडाइपूर्वक कार्यान्वयन गरिनु पर्दछ । पार्टीले निर्माण गरेको जेल नीतिविपरीत प्रस्तुत हुने कुनै पनि स्तरका नेता-कार्यकर्ताहरूलाई प्रकृति हेरी कारबाहीको दायरामा ल्याउनु पर्दछ । कारबाहीका रूपहरूमा गल्तीको प्रकृतिलाई अध्ययन गरी आलोचना, निश्चित समयका लागि सम्बन्धित पार्टी समितिबाट निलम्बन, आफ्नो समितिबाट एक तह घटुवा, पार्टीबाटै निष्कासन आदि रूपहरू हुन सक्छन् । यसो गर्दा उनीहरूलाई पार्टी नीतिका आधारमा सच्चिने अवसर पनि दिनुपर्छ । कतिपय समयमा त पार्टी आन्दोलनले डरलाग्दा र अकल्पनीय विश्वासघात र गद्दारी पनि बेहोर्नुपर्ने हुन्छ । त्यसप्रकारका समस्याहरूलाई वर्गसङ्घर्षको तरिकाद्वारा समाधान गरिनु पर्दछ ।

### (२) पारिवारिक रेखदेख

हामी अहिले दोहोरो भूमिकामा छौँ । अर्थात् हामीसँग धेरथोर निजी पुँजी पनि छ । हाम्रा परिवारका अन्य सदस्यहरू विभिन्न पेसा-व्यवसायमा रहेका छन् । हामी आफू बिरामी पर्दा वा विभिन्न समस्यामा रहँदा पार्टीले व्यवस्थापन गर्दछ तर आफ्ना पारिवारिक समस्याहरू सबै पार्टीले हल गर्न सक्दैन । त्यसैले हाम्रो पार्टीको निर्णय र निष्कर्ष के छ भने हरेक नेता-कार्यकर्ताहरूले आआफ्नो परिवारलाई आत्मनिर्भर बनाउने । यो प्रक्रिया हाम्रो पार्टीमा प्रयोगको तहमा प्रवेश पनि गरेको छ तर पूरा भइसकेको छैन । केही नेता-कार्यकर्ताका परिवारहरू आर्थिक रूपमा आत्मनिर्भर रहेका छन् भने केही आधारभूत रूपले आत्मनिर्भर तथा केही समस्यामा रहेका हुन्छन् । उनीहरूको आवश्यकतालाई हेरेर पार्टीका सम्बन्धित समितिहरूले व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ । त्यसो गर्दा निरपेक्ष समानताको माग गर्ने कुरालाई अस्वीकार गर्नुपर्छ । यस सन्दर्भमा हाम्रो पार्टीआन्दोलनमा दुईथरी समस्या देखापरिरहेका छन् : पहिलो, आफ्नो परिवारका सदस्यहरू जेल-हिरासत मोर्चामा रहेकाले पारिवारिक सम्पूर्ण समस्याहरू पार्टीले व्यवस्थापन गर्नुपर्दछ भन्ने बुझाइ र दोस्रो, समस्याग्रस्त पारिवारिक समस्याका बारेमा सम्बन्धित पार्टी समितिले आधारभूत रूपमा ध्यान दिन नसक्ने समस्या । यी दुवै समस्यालाई हल गर्न पार्टीले नीतिगत र विधिगत रूपमा हल गर्न प्रयत्न गर्नु पर्दछ । यस सन्दर्भमा के कुरा विशेष ध्यान दिन योग्य छ भने जेल-हिरासतमा रहेका हरेक नेता-कार्यकर्ताका परिवारहरूलाई सम्बन्धित पार्टी समितिहरूले वैचारिक र साङ्गठनिक रूपमा निरन्तर छलफल चलाइरहनु पर्दछ ता कि उनीहरूले आफ्नो परिवारको सदस्य जेल-हिरासत मोर्चामा रहेकोमा आत्मग्लानि नहोस्, बरु गर्व गर्न सकून् । हामीले यो नीति बनाउनैपर्छ- हाम्रो परिवारका हरेक सदस्यहरू कुनै न कुनै जनसङ्गठनका सदस्य होऊन् । उनीहरूले पार्टीका नीति-योजनाका बारेमा आधार भुत ज्ञान हासिल गरून् र पार्टी सङ्गठनलाई सहयोग गर्न सकून् । यो कुरामा सिङ्गो पार्टी समितिहरूले कुनै ढिलो नगरी योजनाबद्ध रूपमा अघि बढ्नुपर्छ ।

### (३) जेलमा पार्टी समिति निर्माण

पार्टीले सञ्चालन गर्ने आन्दोलन र क्रान्तिको उचाइसँगै पार्टीका धेरै नेता-कार्यकर्ता राज्यसत्ताको जेल-हिरासतमा पर्दै जान्छन् । उनीहरू बाहिर पार्टीका विभिन्न समितिमा रहेर नेतृत्वदायी काम गरिरहेका हुन्छन् । उनीहरूको अभावमा पार्टी योजनाको कार्यान्वयनमा समस्या मात्र होइन, अवरुद्धता नै पैदा हुन जाने भएकाले पार्टीले यता नयाँ कमरेडहरूलाई जिम्मेवारी दिएर अगाडि बढाउनुपर्ने हुन्छ । यो अवस्थामा उनीहरूलाई यथास्थानमा राख्ने, सम्भव भएका ठाउँहरूमा जेलभित्रै पार्टी समितिहरू बनाउने, पार्टीका सर्कुलर तथा प्रकाशनहरू अध्ययन गर्ने वातावरण मिलाउन प्रयत्न गरिनुपर्दछ । यो सम्भव नभएमा पार्टीका महत्वपूर्ण निर्णयहरू मौखिक रूपमा जानकारी पाउने कुराको व्यवस्था गरिनु पर्दछ । यी कुराहरू त्यति सहजै नहुने भएकाले विभिन्न उपायहरूको खोजी गर्नुपर्छ । जेलमा पार्टी समिति निर्माण गर्दा कार्यक्षेत्रमा रहँदाकै पदीय जिम्मेवारीअनुसार मिलान गर्नुपर्छ ।

### (४) पार्टी र बन्दीहरूबीचको सञ्चार

पार्टी र जेल-हिरासतमा रहेका राजबन्दीहरूका बीचमा निरन्तर सम्पर्क र सम्बन्ध हुन जरुरी छ । पार्टीले के निर्णयहरू लिएको छ, कामहरूलाई कसरी अगाडि बढाउन लागिरहेको छ भन्ने कुराको जानकारी भएन भने राजबन्दीहरूमा दिशाविहीन र अकर्मण्यताको अवस्था पैदा हुन्छ । राज्यसत्ताका पहरेदारहरूले विभिन्न सञ्चारमाध्यमहरूमार्फत पार्टी र क्रान्तिविरोधी भ्रम तथा अफवाह फैलाइरहेका हुन्छन् । शासकहरू कतिसम्म निच प्रचार पनि गर्दछन् भने राजबन्दीहरूलाई पार्टीले नभनेका र नगरेका निर्णयहरूसमेत गरेको तथा राजबन्दीहरूका सन्दर्भमा आत्मसमर्पण गर्न चाहेको, राज्यविरुद्धको कसुर तथा अपराध स्वीकार गरेको जस्ता बेतुकका प्रचारहरू गरिरहेका हुन्छन् । यसप्रकारको प्रचारले पार्टीपङ्क्ति र राजबन्दीहरूमा अन्योल र भ्रम पैदा हुन जान्छ । यसप्रकारका समस्याहरूको निवारणका लागि जीवन्त सम्पर्क र सम्बन्ध जरुरी हुन्छ जसले तथ्य कुराहरूको जगमा खडा भएर एकताबद्धताका साथ सङ्घर्षमा जान सजिलो होस् । यसप्रकारको सम्पर्क तथा सम्बन्धका लागि पार्टीले योजनाबद्ध रूपमा संयन्त्रहरू निर्माण गरी परिचालन गर्न ध्यान दिनुपर्छ ।

> “जेल-हिरासत मोर्चामा राज्यसत्ताको स्थानीय प्रशासन, प्रहरी कर्मचारी र जेलजीवनमा रहेका अनेक मानिसहरुसँगको सहकार्य, अध्ययन तथा अध्यापन र जीवन भोगाइका कारण जेललाई विश्वविद्यालय पनि भन्ने गरिन्छ । क्रान्तिमा सहिद तथा बेपत्ता हुनु, घाइते तथा अङ्गभङ्ग हुनु, जेल-हिरासतमा रहनु, निजी सम्पत्ति ध्वंस हुनुलाई अन्यथा लिनु हुँदैन । हामीले यी बलिदानमा विजय हासिल गरेर मात्र आफूलाई एउटा खरो क्रान्तिकारी सिपाहीका रुपमा परिचय दिन सक्नेछौँ ।”

### (५) राजनीतिक तथा वैचारिक दृढता

मालेमावादका सार्वभौम सिद्धान्तहरूप्रतिको लगाव, वैज्ञानिक समाजवाद-साम्यवाद स्थापनाको महान् उद्देश्यप्रति दृढसङ्कल्प तथा वर्गविरोधी तत्वहरूद्वारा देखाइने विभिन्न डर-त्रास, प्रलोभनहरूको तिरस्कार, निजी तथा पारिवारिक समस्याहरूलाई पचाउनसक्ने क्षमता यस्ता अनिार्य सर्तहरू हुन् जसले हामीलाई हरेक प्रतिकूलताहरूमा क्रान्तिकारी आशावाद पैदा गर्दछ । त्यसका लागि हामीलाई पार्टीको विचार, राजनीति र सङ्गठनात्मक सिद्धान्तहरूको गहिरो अध्ययन आवश्यक पर्दछ । सङ्घर्षरत पार्टीका हरेक नेता-कार्यकर्ताहरूको वास्तविक पहिचान वर्गसङ्घर्ष र जेल-हिरासत मोर्चामा हुने गर्दछ । सहज अवस्थामा राजनीतिक-वैचारिक रूपमा आफूलाई अब्बल देखाउने, आफूलाई सबैभन्दा क्रान्तिकारी देखाउने तर वर्गसङ्घर्षको मोर्चाभन्दा बाहिर रहन मनपराउने, जेल-हिरासतमा विभिन्न प्रलोभनमा परी आत्मसमर्पण र गद्दारी गर्ने, मानसिक र शारीरिक यातना सहन नसकेर पार्टीका गोपनीयता भङ्ग गर्नेजस्ता समस्याहरू पनि पार्टी आन्दोलनमा यत्रतत्र देखापरिरहेका छन् । हामीले समय छँदै यसप्रकारका समस्याहरू हल गर्न प्रयत्न गर्नुपर्छ । हुनत यो एकपटक समाधान गरेपछि आउँदैन भन्ने होइन । आन्दोलन र क्रान्तिको विकाससँगै यसप्रकारका समस्याहरू पनि विकसित र विस्तारित भैरहन्छन् । यसो भनेर समस्यालाई छूट दिने प्रवृत्तिको अन्त्य गर्नै पर्दछ । यसको समाधान नयाँ ढङ्गको कम्युनिस्ट पार्टीको निर्माण गरेर मात्र सम्भव छ । राष्ट्र र जनता तथा पार्टी र क्रान्तिका लागि जुनसुकै बलिदानका लागि पनि तयार हुनसक्ने हजारौँहजार नेता-कार्यकर्ताहरूको निर्माण र विकास तथा एउटा सीमासम्म आमजनसमुदायलाई क्रान्तिका लागि तयार गरेर मात्र सम्भव छ ।

### (६) तथ्यगत रिपोर्ट लिने परिपाटी

पार्टीले हरेक क्षेत्रमा झैँ जेल-हिरासत मोर्चामा रहेका नेता-कार्यकर्ताहरूका सन्दर्भमा पनि तथ्यगत रिपोर्ट लिने परिपाटीलाई व्यवस्थित गर्नुपर्छ । यसको मूल मर्म जेल-हिरासत मोर्चामा राज्यसत्ताका विभिन्न अङ्गहरूका विरुद्ध निर्भीकतापूर्वक लडेका नेता-कार्यकर्ताहरूमाथि अन्याय नहोस् र गल्ती गरेका व्यक्तिहरूलाई सच्याउन मद्दत गरोस् भन्ने हो । जेल-हिरासत मोर्चामा उच्च मनोबलका साथ सङ्घर्ष गर्नेहरूलाई सही मूल्याङ्कनसहित सम्मान गरिनुपर्छ भने मोर्चामा पार्टी नीतिविपरीत प्रस्तुत हुने व्यक्तिहरूलाई उचित नसिहत दिनु पर्दछ । लामो समय जेल बसेका नेता-कार्यकर्ताहरूको पार्टीले उच्च रूपमा मूल्याङ्कन गर्दै उचित जिम्मेवारी दिनुपर्छ । कहिलेकहीँ पार्टी आन्दोलनमा कस्तो पनि देखापर्छ भने लामो समय जेल मोर्चाको जीवन बिताएर बाहिर सङ्घर्षको मोर्चामा पुग्दा आफ्ना सहयोद्धा कमरेडहरू उपल्लो समितिमा पदोन्नत भैसकेका हुन्छन् । क्रान्ति र आन्दोलनको आवश्यकताले यसो हुनुलाई अन्यथा लिन सकिँदैन तर यसप्रकारका मामिलाहरूलाई सकेसम्म मिलाउने गरी ध्यान दिनुपर्छ किनकि जेल मोर्चामा भौतिक रूपले सम्भव नभए पनि वैचारिक सङ्घर्ष त निरन्तर चलिरहेकै हुन्छ । यसका साथै कुन कुरामा पार्टी सतर्क र चनाखो हुनैपर्छ भने अनावश्यक हल्लाको भरमा जेल-हिरासत मोर्चामा रहेका नेता-कार्यकर्ताहरूलाई वाहिरै प्रचार हुने गरी साङ्गठनिक कारबाही गरिनु हुँदैन । सम्बन्धित व्यक्तिले कमजोरी नै गरेको रहेछ र कारबाही गर्नैपर्ने भएमा आन्तरिक पार्टी समितिमा सर्कुलर जारी गर्नु पर्दछ किनकि त्यो व्यक्ति राज्यसत्ताको नियन्त्रण, निगरानी र शारीरिक तथा मानसिक यातनासहित जेल-हिरासत मोर्चाको सङ्घर्षमा नै रहेको हुन्छ । यसप्रकारका समस्याहरू हेर्दा ससाना लागे पनि समयमै हल गर्न नसक्दा प्रकारान्तरले आन्दोलनलाई क्षति पुऱ्याइरहेका हुन्छन् ।

### निष्कर्ष

जेल-हिरासत मोर्चा क्रान्तिकारीहरूका लागि एउटा परीक्षा पनि हो । उक्त मोर्चामा कैयौँ आफूलाई विद्वान् ठान्ने मान्छेहरू पनि फेल हुने गर्दछन् । देश र जनता तथा पार्टी र क्रान्तिको स्वार्थभन्दा कहिल्यै अरू कुरा नसोच्ने तर जेल-हिरासतमा विभिन्न विषयमा आरोपित हुँदै शारीरिक र मानसिक यातनासँगै सङ्घर्ष गर्नु चुनौतीपूर्ण कार्य अवश्य नै हो । आन्तरिक रूपले पार्टी आन्दोलन, पारिवारिक समस्या जस्तो कि पारिवारिक सदस्यहरूको शिक्षा, स्वास्थ्य, खानपान, लत्ताकपडालगायत समस्याहरू तथा बाह्य रूपमा राज्यसत्ताको पहरेदारहरूबाट दिइने शारीरिक तथा मानसिक यातना, बाह्य दुनियाँको सञ्चारको अभाव, उचित खानपिन र बिरामीहरूका हकमा औषधीउपचारको अभावका बीचबाट उक्त मोर्चामा जिउने कुरा क्रान्तिकारी विचारबाट मात्र सम्भव छ । वर्गसमन्वयवादी प्रवृत्ति, पार्टीको विचार-राजनीतिक ज्ञानको अभावमा पैदा हुने कमजोर मानसिक चेतनाको विकास यसको अन्त्यबिना जेल-हिरासत मोर्चाको सङ्घर्षमा विजय पाउन असम्भव छ । यी यावत् मामिलाहरूका साथै जेल-हिरासत मोर्चामा राज्यसत्ताको स्थानीय प्रशासन, प्रहरी कर्मचारी र जेलजीवनमा रहेका अनेक मानिसहरूसँगको सहकार्य, अध्ययन तथा अध्यापन र जीवन भोगाइका कारण जेललाई विश्वविद्यालय पनि भन्ने गरिन्छ । क्रान्तिमा सहिद तथा बेपत्ता हुनु, घाइते तथा अङ्गभङ्ग हुनु, जेल-हिरासतमा रहनु, निजी सम्पत्ति ध्वंस हुनुलाई अन्यथा लिनु हुँदैन । हामीले यी बलिदानमा विजय हासिल गरेर मात्र आफूलाई एउटा खरो क्रान्तिकारी सिपाहीका रूपमा परिचय दिन सक्नेछौँ । पार्टीको सही र वैज्ञानिक विचार-राजनीति, कार्यदिशा र सङ्गठन तथा उपरोक्त बलिदानी भावनाको कुल योगमा सुन्दर वैज्ञानिक समाजवादी-साम्यवादी राज्यसत्ताको फूलबारीको स्थापना हुनेछ जहाँ हामी सबैखाले मानवीय उत्पीडनबाट मुक्त हुनेछौँ र स्वतन्त्र एवम् निर्भीकतापूर्वक बाँच्न पाउनेछौँ ।

# नेकपाको वैचारिक–राजनीतिक प्रशिक्षण

**बुटवल ।**

नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीद्वारा बुटवलमा सञ्चालित जिल्लास्तरीय स्कुलिङ कार्यक्रम सम्पन्न भएको छ । शनिबारदेखि सुरु भएको कार्यक्रम बिहीबार सम्पन्न भएको हो ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवम् रूपन्देही जिल्ला इन्चार्ज कृतिले कम्युनिस्ट स्कुलिङ पार्टीको नियमित कार्यक्रम रहेको र पार्टीको विचारधारात्मक तथा वैचारिक विकास र क्षमता वृद्धिका लागि महत्वपूर्ण रहेको बताए । उनले स्कुलमा अध्ययन गरेको विषयलाई सबै नेता-कार्यकर्ताले व्यवहारमा लागू गर्न निर्देश गरे ।

कृतिले द्वन्द्वात्मक भौतिकवाद पार्टीको जीवनदर्शन भएकाले यसका लागि विश्वदृष्टिकोणको निर्माण जरुरी रहेको बताए । उनले कम्युनिस्ट पार्टीका सदस्यले कम्युनिस्ट दर्शन, नीति, संस्कार र संस्कृतिलाई अवलम्बन गर्नुपर्ने भन्दै त्यसले मात्र समाज रूपान्तरण गर्न सकिने बताए । उनले समाज रूपान्तरण विश्वदृष्टिकोणसित अभिन्न रूपमा जोडिएकाले यसका लागि कम्युनिस्ट स्कुल सञ्चालन गरिएको बताए । उत्तरसाम्राज्यवाद र दलाल पुँजीवादका विरुद्ध लड्ने वैचारिक हतियार मालेमावाद भएकाले वैज्ञानिक समाजवादी सत्ता स्थापनाका लागि यसका पक्षधरहरु एक हुनुपर्ने उनको भनाइ थियो । उनले पार्टीको पछिल्लो कार्यनीति प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादका बारेमा पनि स्पष्ट पारे ।

कार्यक्रमको केन्द्रीय स्कुलिङ विभागका प्रमुख भेषराज भुसालले असल कम्युनिस्ट कार्यकर्ता र बलियो कम्युनिस्ट पार्टी निर्माणका लागि कम्युनिस्ट स्कुलिङ जरुरी रहेको बताए । भुसालले अहिलेको विकसित परिस्थितिमा नेता, कार्यकर्ता र जनताबीच एकीकृत बुझाइ, एकीकृत योजना, एकीकृत नेतृत्व (कमाण्ड) र एकीकृत सङ्घर्षले मात्र लक्ष्यमा पुग्न सकिने बताए । उनले स्कुलिङले नेता-कार्यकर्ताको राजनीतिक तथा वैचारिक स्तर थप वृद्धि भएको र वैज्ञानिक तरिकाले तर्क गर्ने क्षमताको विकास भएको बताए ।

नेकपाकी केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दले नेपाली कम्युनिस्ट आन्दोलनलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने स्पष्ट पारिन् । उनले वर्तमान दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना अपरिहार्य रहेको बताइन् । चन्दले वर्तमान राजनीतिक सङ्कटको निकास निर्विकल्प वैज्ञानिक समाजवाद भएको भन्दै एकीकृत जनक्रान्तिको कार्यदिशामा सबै जनतालाई समाहित गर्नुपर्ने पहिलो आवश्यकता रहेको बताइन् ।

रूपन्देही जिल्ला सेक्रेटरी विश्वासले आफूलाई र दुनियाँलाई बदल्ने उद्देश्यका लागि पार्टीले नियमित स्कुलिङ कार्यक्रम गरिरहेको र यसले नयाँ परिस्थितिमा पार्टीको जिम्मेवारी पूरा गर्ने विश्वास व्यक्त गरे । उनले स्कुलमा अध्ययन गरेको विषयलाई सबै नेता-कार्यकर्ताले व्यवहारमा कार्यान्वयन गरी जनतालाई स्पष्ट पार्ने विश्वास व्यक्त गरे ।

स्कुलिङका प्रशिक्षक गणेश थापा र खोमा तरामु मगरले सबै नेता-कार्यकर्तालाई आफूले प्राप्त गरेका मालेमावादी सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागू गर्न र आमजनतालाई स्पष्ट पार्न निर्देश गरे ।

कार्यक्रममा प्रशिक्षार्थी प्रकाश, शिशिर, श्याम, विश्लेषण, वीरेन्द्र, रूपा, पारसलगायत नेता-कार्यकर्ताले अनुभूति राखेका थिए ।

स्कुलिङ कार्यक्रममा जिल्ला सदस्य, सल्लाहकार, जनवर्गीय सङ्गठन, मोर्चाका प्रमुखहरु, सहिद तथा बेपत्ता परिवारलगायत नेता-कार्यकर्ताको सहभागिता रहेको बताइएको छ । स्कुलिङ कार्यक्रममा दर्शन, वैज्ञानिक समाजवादी अर्थशास्त्र, वैज्ञानिक समाजवाद, सौन्दर्यशास्त्र, विज्ञान र प्रविधि, इतिहास, एकीकृत जनक्रान्तिको कार्यदिशा, नयाँ कार्यनीतिलगायत विषयमा प्रशिक्षण गदिइएको केन्द्रीय स्कुल विभागका प्रमुख भेषराज भुसालले बताए ।

# सहमति कार्यान्वयन गर्न माग गर्दै नेकपाद्वारा प्रदर्शन

**दाङ ।**

नेपाल कम्युनिस्ट पार्टी दाङका कार्यालय सदस्य निर्मलले सरकारले आफ्नो पार्टीसँग गरेको तीनबुँदे सहमति अक्षरशः कार्यान्वयन नगरे ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन् ।

उनले पार्टीनिकट अखिल (क्रान्तिकारी) दाङले जिल्लाको हापुरेमा आयोजना गरेको सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको तीनबुँदे सहमति कार्यान्वयन गराउन आयोजित दबाब प्रदर्शनलाई सम्बोधन गर्दै उक्त चेतावनी दिएका हुन् ।

नेपाल कम्युनिस्ट पार्टी शान्तिनगर दङ्गीशरण गाउँपालिकाका इन्चार्जसमेत रहेका निर्मलले वार्ताद्वारा प्रचण्ड-बाबुरामलाई आत्मसमर्पण गराएजस्तो नसोच्न पनि चेतावनी दिए । उनले भने, 'आत्मसमर्पण गराउने, नेपाल र नेपाली जनतालाई धोका दिने सम्झौता गर्ने कुचेष्टा नगर्न आग्रह गर्छु ।'

इन्चार्ज निर्मलले वैज्ञानिक समाजवाद कि दलाल पुँजीवादी संसदीय व्यवस्था भन्ने विषयमा जनमतसङ्ग्रहमार्फत व्यवस्था चुन्ने अधिकार जनतालाई दिनु नै लोकतन्त्रको उच्चतम प्रयोग भएको धारणा राखे । उनले वैज्ञानिक समाजवाद पक्षधरहरुले अत्यधिक जनमत प्राप्त गर्ने विश्वास व्यक्त गरे । वैज्ञानिक समाजवादविरोधी एमाले, माओवादी केन्द्र, नेपाली काङ्ग्रेस, सेना, प्रहरी, राष्ट्रवादी कोही पनि नभएको भन्दै निर्मलले वैज्ञानिक समाजवाद जनताको व्यवस्था भएको पनि बताए ।

उनले भने, 'वैज्ञानिक समाजवादी राज्य व्यवस्थाले जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको पूर्ण सुनिश्चितता गर्छ ।'

दबाबमूलक प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै अर्का वक्ता अखिल (क्रान्तिकारी) राप्ती संयोजक दीपकले पार्टीसँग सरकारले गरेको तीनबुँदे सहमति अक्षरशः पालना गर्न जोडदार माग गरे । पार्टीलाई निस्तेज पार्न, युद्धमा धकेल्न केपी सरकारले प्रतिबन्ध लगाएको तर पार्टीले सचेततापूर्वक शान्तिपूर्ण ढङ्गले आफ्नो कार्यक्रम अघि बढाएको उनले बताए । उनले देशमा द्वन्द्व, अर्को जनयुद्धको आवश्यकता नभएको तर राजनीतिक क्रान्ति पूरा गर्न एकीकृत जनक्रान्ति निरन्तर अगाडि बढाइरहने धारणा व्यक्त गरे । जनतामा गरेका वाचा पूरा गर्न नसकेपछि आफ्ना गल्तीकमजोरीहरुलाई ढाकछोप गर्न आफूहरुलाई प्रतिबन्ध लगाएको दीपकको भनाइ थियो । दीपकले तीनबुँदे सहमति कार्यान्वयन गर्न र नेता-कार्यकर्तामाथि लगाइएको झुट्ठा मुद्दा अविलम्ब खारेज गर्न माग गरे ।

दबाबमूलक विरोध प्रदर्शनमको सहजीकरण अखिल (क्रान्तिकारी) दाङका अध्यक्ष अमरले गरेका थिए ।

# नेकपाद्वारा सुकुमबासी बस्तीमा जनताको घर निर्माण सुरु

**दाङ ।**

नेपाल कम्युनिस्ट पार्टी दाङले जिल्लाको लमही नगरपालिकास्थित जखेरा टिकुलीगढ सुकुमबासी बस्तीमा बसोबास गर्ने रुकमान चौधरीको घर निर्माणकार्यको शिलान्यास गरेको छ । चौधरी बसिरहेको तत्कालको घर अत्यन्त जीर्ण भएको भन्दै नयाँ घर निर्माण गर्न लागिएको नेकपा दाङले जनाएको छ ।

घर शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा दाङ जिल्ला विशेष समिति सदस्य विक्रमले समाजलाई सामूहिक चेतनाको विकास गर्दै वैज्ञानिक समाजवादी मोडेलअनुसार पार्टी जनताको घरटहरा निर्माण गर्ने अभियानमा लागेको बताए । वैज्ञानिक समाजवादी राज्यव्यवस्था जनताको ,गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको ग्यारेन्टी गर्ने व्यवस्था भएको उनले बताए ।

नेता विक्रमले नेकपाले पनि संसदीय व्यवस्थाको चुनावमा भाग लिन्छ भन्ने भ्रम मात्रै भएको बताए । जनमतसङ्ग्रहको व्यवस्था चुन्ने निर्वाचनमा आफूहरू भाग लिने तर संसदीय व्यवस्थाको व्यक्ति र पार्टी चुन्ने चुनावमा भाग नलिने उनले प्रस्ट पारे । उनले संसदीय व्यवस्था भनेको शासकहरूले जनतामाथि शोषण, दमन, लुटपाट गर्ने साधन भएको धारणा पनि राखे ।

कार्यक्रममा नेकपा दाङका सेक्रेटरी प्रदीपले आफूहरू नयाँ ढङ्गले एकीकृत जनक्रान्तिको कार्यदिशालाई अवलम्बन गर्दै वैज्ञानिक समाजवाद प्राप्तिको दिशामा दृढ रहेको बताए । उनले आफूहरूले सञ्चालन गरेको क्रान्तिबाट अत्तालिएर दलाल सरकारले प्रतिबन्ध लगाएको ठोकुवा गरे । प्रदीपले आफूहरू प्रचण्डले जस्तो झुक्याएर राजनीति नगर्ने बताए । उनले भने, 'हामी इमानदारीपूर्वक वैज्ञानिक समाजवाद प्राप्तिको दिशामा छौं । जनमतसङ्ग्रहको एजेन्डा लिएर तपाईंहरूसँग छलफल गर्दैछौं ।'

उनले सुकुमबासी बस्तीमा बसोबास गर्ने जनता र आफ्नो पार्टीबीच नङ र मासुको सम्बन्ध रहेको बताउदै यो बस्ती हटाएर जनतालाई बिचल्लीमा पार्ने दुस्साहस नगर्न चेतावनी पनि दिए ।

शिलान्यास कार्यक्रमको उद्घाटन निर्माण स्थलमा ईंट राखेर कार्यक्रमका प्रमुख अतिथि तथा नेकपा दाङ जिल्ला विशेष समिति सदस्य विक्रमले गरेका थिए । कार्यक्रममा नेकपा दाङ जिल्ला सदस्य डिल्ली, एकराज, नेकपा दाङ जिल्ला सल्लाहकार समितिका सदस्य सौनी र मधुसूदनको आतिथ्य रहेको थियो ।

पार्टी जिल्ला सदस्य डिल्लीको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन तथा अध्यक्षता नेकपा लमही नगर इन्चार्ज जनकले गरेका थिए ।

# चर्को भाडाको विरोध गर्दा नेकपा नेता-कार्यकर्ता गिरफ्तार

**अछाम ।**

युवा सङ्गठन नेपालको केन्द्रीय निर्देशनअनुसार लामो तथा छोटो दूरीका यातायात व्यवसायीले असुली गरेको चर्को भाडाविरुद्ध कार्यक्रम गर्दा नेकपाका ६ जना नेता-कार्यकर्ता गिरफ्तार भएका छन् । अछामको साँफेबगर नगरपालिकामा सवार साधनमाथि अनुगमन गरिरहेको बेला इलाका प्रहरी कार्यालय साँफेबगरको प्रहरी टोलीले नेकपाका नेता-कार्यकर्तालाई नियन्त्रणमा लिएको हो ।

उक्त कार्यक्रमबाट गिरफ्तार हुनेमा नेपाल कम्युनिस्ट पार्टी अछामका सचिवालय सदस्य निरक शाही, अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष दीपेन्द्र जैगडी, युवा सङ्गठन नेपाल अछामका अध्यक्ष शेरबहादुर साउद, दलित मुक्ति मोर्चा नेपाल अछामका उपाध्यक्ष झपट विक, युवा सङ्गठन अछामका सचिव कुमार खत्री, सचिवालय सदस्य गोकर्ण बिस्ट रहेका छन् । उनीहरूलाई साँफेबगर प्रहरीले दुई घन्टा नियन्त्रणमा लिएर छोडेको छ ।

रिहा भइसकेपछि नेकपाका नेता-कार्यकर्ताले शान्तिपूर्ण रूपमा जनपक्षीय काम गर्दा प्रहरीले दमन गर्नु फासिवादी चरित्र भएको, जनतालाई असुरक्षित र अप्ठ्यारो महसुस हुने कुनै पनि सवालमा आफूहरू जनताका पक्षमा उभिन तयार रहेको कुरा बताएका छन् ।

अनुगमनका क्रममा यात्रुहरूले युवा सङ्गठन नेपाल अछामको कार्यक्रम जनतालाई राहत दिने खालको रहेको, चर्को भाडा असुल्ने यातायात व्यवसायीलाई खबरदारी गर्दा निमुखा जनताका पक्षमा आवाज उठाउने सङ्गठन पाएको महसुस भएको भन्दै युवा सङ्गठन अछामलाई धन्यवाद दिएका छन् ।

# नेकपा भरतपुर महानगर पालिकाको बैठक सम्पन्न

**भरतपुर ।**

नेकपा भरतपुर महानगरपालिका वडा नं. २५ को बैठक सम्पन्न भएको छ । बैठक वडा सेक्रेटरी खेमको अध्यक्षमा सम्पन्न भएको हो ।

चितवन जिल्ला विशेष समितिका सेक्रेटरी महेशको प्रमुख आतिथ्य, पार्टी जिल्ला सदस्य तथा वडा इन्चार्ज राजकुमार, हरि पौडेलको आतिथ्य र बिरु लामाको उपस्थितिमा सम्पन्न बैठकले १७ सदस्यीय वडा पार्टी गठन गरेको समाचारमा जनाइएको छ ।

कार्यक्रममा २५ नं वडाका माओवादी केन्द्रका पार्टी एरिया सदस्य चक्रपाणि दवाडी र वामपन्थी नेता नरेश न्यौपाने नेकपामा धुवीकृत भएका छन् । बैठकले एमसीसी, नागरिता विधेयकलगायत राष्ट्रघाती कदमविरुद्ध सङ्घर्ष गर्ने, भ्रष्टाचार, विसङ्गतिविरुद्ध आन्दोलन गर्ने निर्णय गरेको छ ।

# भीमकुमारी रानाको योगदानको चर्चा गर्दै शोकसभा

**पाल्पा ।** नेपाल कम्युनिस्ट पार्टी पाल्पाले जनयुद्ध र एकीकृत जनक्रान्तिकी योगदानकर्ता नेपाल कम्युनिस्ट पार्टीकी सदस्य भीमकुमारी रानाको निधनमा शोकसभा आयोजना गरेको छ ।

पाल्पाको रिब्दीकोट गाउँपालिका देउरालीस्थित रानाकै घरमा पुगेर नेकपाले बिहीबार शोकसभा आयोजना गरेको हो । जिल्ला इन्चार्ज अपेक्षाको नेतृत्वमा श्रद्धाञ्जली सभा भएको थियो । कार्यक्रममा जिल्ला जनसरकार प्रमुख नेपाललगायत जिल्लास्तरीय नेता, कार्यकर्ता र पत्रकारको उपस्थिति थियो ।

जिल्ला इन्चार्ज अपेक्षाले आमाको मृत्युले सिङ्गो पार्टी र समाजलाई अपूरणिय क्षति भएको भन्दै दुःख व्यक्त गरिन् । यो दुःखको घडीमा आफूहरु समालिएर आमाको योगदान र बाटो आत्मसाथ गर्ने उनले बताइन् । उनले माइला छोरा धीरज महान् जनयुद्ध र जनआन्दोलनका कुशल कमान्डरदेखि एकीकृत जनक्रान्तिका नेता, बुहारी झरना कुशल कमान्डरसहित महिला नेत्री र कान्छा छोरा केशव एकीकृत जनक्रान्तिका कुशल योद्धा जन्माई जनयुद्ध, जनआन्दोलन र एकीकृत जनक्रान्तिमा होमेर आफू पनि जीवनभर कम्युनिस्ट आन्दोलनको योद्धा र सिपाही हुनुभएको र उहाँको भौतिक शरीर नरहे पनि महान् विचार कहिल्यै नमर्ने बताइन् ।

भीमकुमारीका माइला छोरा नेपाल कम्युनिस्ट पार्टीका नवलपरासी सेक्रेटरी धीरजले आफूलाई कम्युनिस्ट बनाउन र बन्न सिकाउने आमा र आमाको साथमा रहने समाजलाई धन्यवाद दिएका थिए । उनले पिण्ड लडाएर मरेकी आमाले खान नपाउने र सुख नपाउने नभएकाले काजकिरिया नगरेको बताए । केही व्यक्तिले धर्म परिवर्तनको अफवाह फैलाए पनि सर्यौंजनको अगाडि पार्टी र क्रान्तिको साथमा यसरी उभिएर देश र जनताका पक्षमा सधैँ लड्ने प्रेरणा पाउँदा गर्व लागेको उनले बताए । आफूलाई आमाले सधैँ ऐतिहासिक भौतिकवादको बाटो देखाउनुभएकाले देश र जनताका पक्षमा लड्ने र मानव जातिमाथिको सम्पूर्ण विभेदको अन्त्य गरेर समान ढङ्गले बाँच्न कम्युनिस्ट व्यवस्था प्राप्त गर्ने बाटोमा लाग्न भनु प्रेरित गरेको बताए ।

शोकसभाको अध्यक्षता भीमकुमारी रानाका छोरा पार्टी सेल सेक्रेटरी केशव रानाले गरेका थिए । कार्यक्रम सञ्चालन पार्टी जिल्ला सचिवालय सदस्य तथा जनसरकार प्रमुख नेपालले गरेका थिए ।

# जातीय विभेद र सामाजिक असमानताविरुद्ध प्रदर्शन

**चितवन ।**

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) चितवनले जातीय विभेद र सामाजिक असमानताविरुद्ध भरतपुरमा प्रदर्शन गरेको छ । आइतबार वीरेन्द्र क्याम्पसबाट सुरु भएको प्रदर्शन चौबीसकोठीमा पुगेर कोणसभामा परिणत भएको हो ।

'जात व्यवस्था खारेज गर ! सामाजिक समानता कायम गर !! संसदीय व्यवस्था खारेज गर !!!' भन्दै विद्यार्थीले नारा लगाएका थिए ।

कोणसभामा जिल्ला सचिवालय सदस्य सुमन श्रेष्ठले सम्बोधन गर्दै जातीय विभेद र अमानवीय व्यवहार तुरुन्त बन्द गर्न आह्वान गरे । जातिवाद कायम रहे सङ्घर्षले कडा रूप लिने चेतावनी उनले दिए ।

# चर्को शुल्क रोक्न माग गर्दै अखिल (क्रान्तिकारी) द्वारा ज्ञापनपत्र पेस

**बर्दिया ।**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) बर्दियाले शिक्षा विकास तथा समन्वय एकाइ बर्दियामा ज्ञापनपत्र बुझाएको छ । लकडाउनका कारण आमजनतालाई हातमुख जोर्नसमेत मुस्किल बन्दै गइरहेको बेला विभिन्न विद्यालयले अनलाइन कक्षा, सामुदायिक विद्यालयहरुले अङ्ग्रेजी माध्यमका नाममा चर्को शुल्क असुलिरहेकाले शुल्क असुली रोक्न माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

सरकारी विद्यालयहरूमा नेपाली र अङ्ग्रेजी माध्यमका नाममा गरिएको विभेदको अन्त्य गरिनुपर्ने, भौतिक रूपमा कक्षा सञ्चालन नभएको अवधिको शुल्क छुट गरिनुपर्ने, निजी विद्यालयद्वारा गरिएको पाठ्यपुस्तक र पोसाकको व्यापार बन्द गरिनुपर्ने, नेपालको चुच्चे नक्सा पाठ्यक्रम, पाठ्यपुस्तकमा समावेश गरिनुपर्ने, शिक्षक, कर्मचारीमाथिको बौद्धिक शोषण अन्त्य गरिनुपर्नेलगायत माग राख्दै ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्र बुझाउँदै अखिल (क्रान्तिकारी) का बर्दिया-सुर्खेत इन्चार्ज लोकेश जोशीले कोरोनाका कारण दैनिक जीवनयापनसमेत गाह्रो परिरहेको बेला केही निजी र सामुदायिक विद्यालयले लुट मच्चाइरहेको भन्दै अविलम्ब रोक्न माग गरे ।

ज्ञापनपत्र बुझ्दै शिक्षा विकास तथा समन्वय एकाइ बर्दियाकी प्रमुख रेविका अमात्यले शैक्षिक विकृति नियन्त्रण गर्न अखिल (क्रान्तिकारी) सँग सहकार्य गरेर काम गर्ने बताइन् । कार्यक्रममा अखिल (क्रान्तिकारी) सुर्खेत-बर्दिया इन्चार्ज जोशी, जिल्ला अध्यक्ष हरिशङ्कर प्याकुरेललगायत नेता-कार्यकर्ताहरुको सहभागिता थियो ।

# कपिलवस्तु र अर्घाखाँचीको संयुक्त स्कुलिङ उद्घाटन

**कपिलवस्तु ।**

नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तु र अर्घाखाँचीको संयुक्त आयोजनामा कपिलवस्तुमा स्कुलिङ कार्यक्रम उद्घाटन भएको छ ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवम् केन्द्रीय स्कुल विभागका प्रमुख ध्रुवले समाजको निर्माण विश्वदृष्टिकोण, उत्पादनप्रणाली र राज्यसत्ता मिलेर बन्ने भन्दै यसको रूपान्तरणका लागि कम्युनिस्ट स्कुल आवश्यक रहेको बताए । उनले प्रतिबन्धपछि पार्टी स्कुल सञ्चालनले पार्टीमा थपिएको नयाँ जिम्मेवारीलाई पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै पार्टीले विकास गरेको नयाँ कार्यनीतिबारे सैद्धान्तिक रूपले स्पष्ट गरिने बताए । उनले पार्टीमा भर्ना भएका नयाँ पार्टी सदस्यहरूलाई समेत स्कुलिङ चलाइने बताए ।

यसैगरी नेकपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् कपिलवस्तु-अर्घाखाँची जिल्ला इन्चार्ज जुझारुले पार्टी नेता-कार्यकर्ताको दृष्टिकोण निर्माण, पार्टी कार्यदिशा र नयाँ कार्यनीतिबारे, सङ्गठन निर्माण एवम् कम्युनिस्ट पार्टी निर्माणबारे एकरूपता र वैचारिक क्षमता विकासका लागि पार्टीले स्कुलिङ कार्यक्रम आयोजना गरेको बताए ।

स्कुलिङ कार्यक्रमको अध्यक्षता कपिलवस्तु जिल्ला सेक्रेटरी कमलले गरेका थिए । राष्ट्रिय थारू मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष सुनिल थारूको स्वागत र अर्घाखाँची सेक्रेटरी माहुरीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

शनिबारदेखि सुरु भएको स्कुलिङ कार्यक्रम ५ दिनसम्म सञ्चालन हुने कपिलवस्तु जिल्ला सेक्रेटरी कमलले बताए । उनले प्रतिबन्धपछि नयाँ परिस्थितिमा जनतामा पुनका लागि स्कुलिङले महत्वपूर्ण योगदान पुऱ्याउनेसमेत बताए ।

# वैज्ञानिक समाजवाद स्थापना गर्न बहस चलाउने निर्णय

ललितपुर

नेपाल कम्युनिस्ट पार्टी ललितपुरको बैठकले वैज्ञानिक समाजवाद स्थापना गर्ने वातावरण निर्माणका लागि समाजका सबै पक्षसँग छलफल र बहस चलाउने निर्णय गरेको छ । जिल्ला सचिव विशालको अध्यक्षतामा बसेको बैठकको प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव थिए । यस्तै अतिथिहरू पार्टी केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज हितमान, केन्द्रीय कार्यालय सचिव असल, स्कुलिङ विभागका विपीन, विशेष जिल्ला सचिव कुमाल, जिल्ला नेताहरू रूपसिंह, सुरेश लामा र शङ्कर खत्री थिए ।

बैठकमा महासचिव विप्लवले दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था पूर्ण रूपले असफल भएकाले वैज्ञानिक समाजवाद सम्भव छ र त्यसका निम्ति आवश्यक परे जनताको मतद्वारा छनोट गर्न सकिने भनी जनमतसङ्ग्रह गरेर छिनोफानो गर्न राजनीतिक कार्यनीति अगाडि सारेको बताए । उनले तीनबुँदे सहमति आजको अपरिहार्य आवश्यकता भएको हुँदा नेता-कार्यकर्ताहरू कहीँकतै विचलित नभई ढुक्क भएर पार्टीको लाइनलाई जनतासामु प्रस्तुत गर्न अपिल गरे ।

जिल्ला बैठकले ३ महिने सङ्गठन सुदृढीकरण, विस्तार तथा सचेतना अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । साथै वैज्ञानिक समाजवादको वातावरण निर्माणका लागि राष्ट्रवादी, प्रगतिशील, वामपन्थीहरूसँग छलफल र अन्तक्रिया गरी व्यापक पहल गर्ने निर्णयसमेत गरेको छ ।

# धर्मका नाममा महिलामाथि शोषण

*हिन्दु धर्मले नारीलाई मनोरञ्जनका निजी साधन बनाउनु, आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्नु र सन्तान जन्माउनु नारीको धर्म हो भन्ने भनाइलाई निरन्तरता दिएको छ । नारीले सानी हुँदा बाबुको अधीनमा र जवान हुँदा लोग्नेको अधीनमा र बूढी भएपछि छोराको अधीनमा बस्नु पर्दछ र तिनलाई कहिल्यै पनि स्वतन्त्रता दिनु हुँदैन भनेका छन् । मनुले भनेका छन्- स्त्री जाति भई आफ्ना पुरुषलाई रिस गरे टेढी हुन्छे, पुरुषको वचन नमाने पक्षपाती हुन्छे, पुरुषसँग लुकाई खाए कुकुर्नी हुन्छे, पुरुषसित मुख लागे लाटी हुन्छे र पुरुषसँग द्रोह गरे गोही हुन्छे । यस्तो भन्ने स्वस्थानी कथा आज पनि हाम्रा दिदीबहिनीहरूले माघमा एक महिना पढ्ने गर्छन् । स्वस्थानी व्रत बस्छन् । जुन कुराले आफैँलाई अपमान गरेको छ, भ्रममा परी यसैको पछिपछि महिलाहरू दगुरेका छन् । यसको भण्डाफोर गरी स्वस्थानी व्रत बस्नु हुँदैन । यसरी हिन्दु धर्ममा लोग्नेले गरेको अत्याचार सहनु नै पत्नीको परम धर्म मानिएको छ । हिन्दु धर्ममा महिलालाई जिया, जनी र पत्नी भन्ने चलन छ ।*

**अञ्जना तामाङ**

धर्म भनेको अलौकिक शक्तिमा विश्वास गर्नु हो । धर्म अध्यात्मवादी विचार हो जुन अन्धविश्वासमा आधारित हुन्छ । संसारमा मानव जातिले भ्रममा परी विभिन्न धर्म अँगालेका छन् । धार्मिक अन्धता र विश्वासले गर्दा मानव-मानवबीच विभेदको खाडल देखापरेको छ । प्रकृतिको रहस्यलाई बुझ्न नसक्दा ब्रह्माण्डको उत्पत्ति र त्यसको वैज्ञानिक विकासक्रमलाई खुछ्याउन नसक्दा प्रकृतिको रहस्यलाई धर्मको नाम दिइयो । सामन्ती राज्यको उत्पत्तिसँगै पितृसत्ता हावी हुँदै गयो । धर्मको आडमा सबै वर्ग, समुदाय र महिलामाथि शोषण हुन थाल्यो । शक्तिशालीले निर्धालाई दमन, शोषण र अत्याचार गर्ने माध्यम धर्म बन्यो । पूर्वजन्म, पुनर्जन्म, पाप र धर्मको डर देखाएर मान्छेलाई आफ्नो नियन्त्रणमा राख्न विभिन्न मिथकहरू प्रचलनमा ल्याइयो । कार्ल मार्क्सले धर्मलाई अफिमसँग तुलना गरेका छन् । जसरी अफिमले मानिसलाई लठ्याउँछ र आनन्दित तुल्याउँछ तर मानव जीवनका लागि कुनै ऊर्जा दिन सक्दैन । त्यस्तै धर्मले पनि लठ्याउँछ । समाज विकासमा धर्म बाधकका रूपमा उपस्थित हुन्छ ।

धर्म शासक वर्गको विचारको स्रोत हो । मार्क्सले भन्नुभएको छ 'धर्म उत्पीडित प्राणीको चित्कार वा सुस्केरा हो । यो हृदयहीन संसारको हृदय हो ।' लेनिनले धर्मलाई फलहीन फूल भन्नुभएको छ । यसका जराहरू उर्वर धर्तीमा गाडिएकाले यिनीहरू शक्तिशाली छन् । यसलाई सजिलै ढाल्न सकिँदैन । धर्मले अध्यात्मवादी अभिधूतवादी विचारको प्रतिनिधित्व गर्दछ । धर्मले प्रकृति, चिन्तन, समाज र जीवनको वस्तुगत सत्यलाई अस्वीकार गर्दछ । धर्मले विज्ञान खोज र अन्वेषणमा विश्वास गर्दैन । यसले शासक वर्गको सेवा गर्दछ । वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियामा जनतालाई धार्मिक रूढिवादबाट मुक्त गर्न सकिन्छ । धार्मिक रुढिवादको अन्त्य गर्न द्वन्द्वात्मक भौतिकवादी विचारले जनतालाई प्रशिक्षित पार्नुपर्छ ।

आज पुँजीवादी साम्राज्यवादीहरूले धर्मको आडमा शासन गरिरहेका छन् । जनतालाई विभिन्न भ्रम दिएर धर्मको सहारामा पुँजीवाद टिकेको छ । मानव समुदायको वर्गीय र लैङ्गिक शोषण गरेको छ । जुनसुकै धर्मले पनि महिलालाई पुरुषसरह हैसियत भएको मानवका रूपमा लिएको छैन । महिला समुदायले धर्म र संस्कृतिका आधारमा अमानवीय व्यवहार खप्नु परेको छ । अमेरिकामा विधुवा हुनासाथ कालोपट्टी बाँध्ने, कालो लुगा लगाउने, अफ्रिकी देशमा पतिको शवसँगै एउटै कम्मल ओढेर केही दिन बस्नुपर्ने, श्रीमान्को शव धोएको पानी खानुपर्ने, नेपालमा पतिको मृत्युपछि सेतो कपडा लगाउनुपर्ने, हातका चुरा फुटाउनुपर्ने जुन धार्मिक संस्कार छ, यो धर्म र संस्कारका नाममा महिलामाथिको शोषण र उत्पीडन हो । धर्मका नाममा पुरुषले बनाएको सामाजिक व्यवस्थामा महिला सदियौँदेखि पत्नीका रूपमा पतिको दासी हुनुपर्ने, छोरी जन्मनासाथ अर्काको घरको नासो हुनुपर्ने बाध्यता छ । महाकवि कालीदासले शकुन्तलानामक महाकाव्यमा 'हुन माल छोरी अरूलाई दिने राखी धरौटी सरी जानी लिने, आनन्द छ आज गरी बिदाइ' भनेर छोरीलाई धरौटीका रूपमा मानेका छन् । यसमा श्रीमान्लाई रिझाएर बस्नु नै महिलाको धर्म हो भनी उपदेश दिइएको छ ।

नेपालको राजनीतिक सत्ताको चरित्र लोकतान्त्रिक, धर्मनिरपेक्ष भनिए पनि सामाजिक सत्ता व्यवहारमा हिन्दु धर्मद्वारा निर्देशित यो जातिवादी, पुरुषवादी एकल धर्मसंस्कृतिबाट चलेको छ । नेपाली समाज विभिन्न धार्मिक क्रियाकलाप र संस्कारले बाँधिएको छ । नेपालमा २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्याको ५१.४% महिला छन् । ०६८ के जनगणनाअनुसार ८०.६% हिन्दु, १०.७%बौद्ध, ४.२% इस्लाम, ३.६% किराँत ०.४५% इसाई र अन्य धर्मावलम्बी ०.४० % प्रतिशत छन । नेपालको संविधान २०७२ ले महिला भएकै कारण कुनै पनि भेदभाव गरिनेछैन भनेको छ । तर व्यवहारमा, धर्म-संस्कृतिका नाममा महिलाहरूले ठूलो विभेद खेप्नुपरेको छ । धार्मिक कारणले महिलामाथि लैङ्गिक विभेद भएका प्रशस्त तथ्यहरू छन् ।

हिन्दु धर्मले नारीलाई मनोरञ्जनका निजी साधन बनाउनु, आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्नु र सन्तान जन्माउनु नारीको धर्म हो भन्ने भनाइलाई निरन्तरता दिएको छ । नारीले सानी छँदा बाबुको अधीनमा र जवान हुँदा लोग्नेको अधीनमा र बूढी भएपछि छोराको अधीनमा बस्नु पर्दछ र तिनलाई कहिल्यै पनि स्वतन्त्रता दिनु हुँदैन भनेका छन् । मनुले भनेका छन्- स्त्री जाति भई आफ्ना पुरुषलाई रिस गरे टेढी हुन्छे, पुरुषको वचन नमाने पक्षपाती हुन्छे, पुरुषसँग लुकाई खाए कुकुर्नी हुन्छे, पुरुषसित मुख लागे लाटी हुन्छे र पुरुषसँग द्रोह गरे गोही हुन्छे । यस्तो भन्ने स्वस्थानी कथा आज पनि हाम्रा दिदीबहिनीहरूले माघमा एक महिना पढ्ने गर्छन् । स्वस्थानी व्रत बस्छन् । जुन कुराले आफैँलाई अपमान गरेको छ, भ्रममा परी यसैको पछिपछि महिलाहरू दगुरेका छन् । यसको भण्डाफोर गरी स्वस्थानी व्रत बस्नु हुँदैन । यसरी हिन्दु धर्ममा लोग्नेले गरेको अत्याचार सहनु नै पत्नीको परम धर्म मानिएको छ । हिन्दु धर्ममा महिलालाई जिया, जनी र पत्नी भन्ने चलन छ ।

हिन्दु धर्ममा महिलालाई हेपिनुको मूल कारण आर्यहरू एसियामा आएपछि द्रविड महिलाहरूसँग बिहे गरे । द्रविड संस्कार र संस्कृतिलाई रोक्न महिलाको स्वतन्त्रता र समानतामा नियन्त्रण गरेको पाइन्छ । पितृसत्ता हावी हुन पुग्यो । साउनमा श्रीमान्को दीर्घायुका लागि हरियो चुरा लगाउने र व्रत बस्ने, तीजमा श्रीमान्‌का नाममा व्रत बस्नुपर्ने, श्रीमान्‌को खुट्टाको पानी खाने र ढोग्ने चलन छ । छोरा जन्माउन तीर्थ-व्रत र धाम जाने चलन छ । आज भारतीय टेलिभिजन च्यानलहरूले हिन्दु धर्म र संस्कृतिलाई कायम राख्न चन्द्रकान्त, नागीन, कसौटी, कुमकुम भाग्यजस्ता अनेकौँ टेलीशृङ्खला प्रसारण गरिरहेका छन । ती टेलिशृङ्खलाले पुरुषप्रति भक्तिभाव राख्न, पुरुषको आदेश मान्न र महिलालाई घरभित्रको काममा सीमित हुन सिकाएको छ । भ्रममा परेर महिलाहरू पनि त्यसको पछिपछि लागेको देखिन्छ । सबै काम छोडेर भए पनि महिलाहरू यस्ता टेलिशृङ्खला हेर्न मरिहत्ते गर्छन् ।

अयोध्याका राजा दशरथका छोरा रामको पालामा सीताले अग्निपरीक्षा दिनुपर्ने र लक्ष्मणरेखाभित्र नबस्ने महिलाहरूले आफूलगायत परिवारको हित नगर्ने उदाहरण दिनुले त्यतिबेला महिलाहरूमाथि पितृसत्तात्मक उत्पीडन कस्तो थियो भन्ने प्रस्ट हुन्छ । हिन्दु संस्कारमा 'छोरीको जन्म हारेको कर्म, अर्काको भित्तो टाल्ने जात' जस्ता परम्परागत सोचाइबाट निर्देशित नेपाली समाजमा महिलाहरू उत्पीडनमा पर्दै आएका छन । हिन्दु धर्मको संस्कार र मान्यताले महिलाहरूमाथि शोषण र उत्पीडन हुँदै आएको छ ।

बुद्ध धर्ममा भन् महिलामाथि विभेद खडा गरेको देखिन्छ । गौतम बुद्धले महिलाको मानवीय कमजोरीको आलोचना गर्दै भिक्षु र भिक्षुणीको फरकफरक नियम बनाएका थिए जसले गर्दा भिक्षुणीहरू कडा नियममा बस्ने गरेको देखिन्छ । भिक्षुहरूले महिलालाई नियन्त्रण गर्नका लागि अङ्गुरधाममा यस्ता नियम बनाए । भिक्षुणीहरू जति समय सङ्घमा बस्छन् उनीहरू सानाठूला भिक्षुका अगाडि झुक्नुपर्ने, भिक्षुणीले भिक्षुलाई गाली गर्न नपाउने नियम छ । बुद्धले महिलालाई भिक्षुणी बनाउन अस्वीकार गरेका थिए । महायनी र बज्रयानी परम्पराअनुसार बिहार र बहालको महिला सदस्य हुन पाउँदैनन् । यी सबै तथ्यबाट के बुझिन्छ भने बुद्ध धर्मले महिलामाथि विभेद गरेको देखिन्छ । बुद्ध धर्म पनि लैङ्गिक समानताका पक्षमा छैन ।

इस्लाम धर्ममा मुस्लिम महिलाले बुर्का लगाउनुपर्ने, पारिवारिक सम्मानका लागि छोरीबुहारीलाई मृत्युदण्डको चलन छ । इस्लाम मान्यताअनुसार महिलाको भूमिका पुरुषकी आमा र पत्नी बन्नु हो ।

इसाई धर्म पितृसत्तात्मक समाजबाट उत्पत्ति भएको छ । समाज बिहेबारी र सरकारी ओहोदामा पुरुषकै बोलवाला छ । जेनेसिसनामक पुस्तकका अनुसार पहिला पुरुष पैदा भएको र पुरुषको करङबाट महिला पैदा भएको भनिएको छ । ईश्वरको प्रतीकका रूपमा पुरुषलाई मानिन्छ । चर्चको मूल नेतृत्व (पास्टर, बिसप) पुरुषले मात्र गर्दछन् । महिलाले त्यो अवसर पाउँदैनन् । पुरुष महिलाको शिर भएकाले चर्चमा पुरुषप्रतिको आदरका लागि आफ्नो टाउको कुनै कपडाले ढाक्नुपर्दछ । उसले कपडाले शिर ढाकेकी छैन भने पुरुषप्रतिको अनादर गरेको मानिन्छ । प्रार्थनाको अगुवाइ गर्ने चर्च भेटी सङ्कलन गर्ने, प्रभुभोज बाँड्ने, विवाह गराइदिने, बच्चाहरूको नामकरण गर्ने र मृत्यु संस्कार गर्ने काम पुरुषले मात्र गर्न पाउँछन् । महिलाहरूलाई यी कामको अनुमति छैन ।

आज पुँजीवाद साम्राज्यवादले धर्मका नाममा विभिन्न भ्रम उत्पन्न गरी उत्पीडित जाति, वर्ग र महिलामाथि शोषण-उत्पीडन गर्दै आएको छ । पुँजीवादसँग कुनै विचार छैन । शासकहरूले छलकपट, दमन, षड्यन्त्र र भ्रमको खेती गर्दै आफ्नो सत्ता टिकाइरहेका छन् । प्रकृतिले महिला र पुरुषलाई विशिष्ट र फरक बनाएको छ भने पितृसत्तात्मक परिपाटी र लैङ्गिक विभेद मानव निर्मित हुन् । यसलाई बदल्नु पर्दछ । धार्मिक अन्धताको अन्त्य गरी विज्ञान र अन्वेषणको अनन्त प्रक्रियामा सहभागी भएर मात्र मानिस स्वतन्त्रताको संसारमा पुग्छ । स्वतन्त्रताको संसार भनेको जनताको आफ्नै सत्ता वैज्ञानिक समाजवाद स्थापना हुनु पर्दछ । वैज्ञानिक समाजवादी सत्ता मानव-मानवबीचको समानता र स्वतन्त्रताको सत्ता हो । जुन सत्तामा कुनै पनि मानिस जातीय वर्गीय र लैङ्गिक हिसाबले शोषण, विभेद र उत्पीडनको सिकार हुनु पर्दैन । धार्मिक अन्धता र भ्रमको कुनै स्थान हुँदैन । वैज्ञानिक खोज, अनुसन्धान र सत्यमा आधारित वैज्ञानिक समाजवादी सत्तामा महिलाहरूले कुनै पनि शोषण र उत्पीडन सहनु पर्दैन । महिलाहरूले पुरुषसरह समान अधिकार पाउँछन् । धर्म, परम्परा र संस्कारका नाममा गरिने शोषण, दमन र हिंसाबाट बच्न वैज्ञानिक समाजवादी सत्ता प्राप्तिको आन्दोलनमा लामबद्ध हुनु महिला, दिदीबहिनीहरूका लागि अपरिहार्य आवश्यकता भइसकेको छ ।

(लेखक अनेमसङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य हुन् ।)

*बुद्ध धर्ममा भन् महिलामाथि विभेद खडा गरेको देखिन्छ । गौतम बुद्धले महिलाको मानवीय कमजोरीको आलोचना गर्दै भिक्षु र भिक्षुणीको फरकफरक नियम बनाएका थिए जसले गर्दा भिक्षुणीहरू कडा नियममा बस्ने गरेको देखिन्छ । भिक्षुहरूले महिलालाई नियन्त्रण गर्नका लागि अङ्गुरधाममा यस्ता नियम बनाए । भिक्षुणीहरू जति समय सङ्घमा बस्छन् उनीहरू सानाठूला भिक्षुका अगाडि झुक्नुपर्ने, भिक्षुणीले भिक्षुलाई गाली गर्न नपाउने नियम छ । बुद्धले महिलालाई भिक्षुणी बनाउन अस्वीकार गरेका थिए । महायनी र बज्रयानी परम्पराअनुसार बिहार र बहालको महिला सदस्य हुन पाउँदैनन् । यी सबै तथ्यबाट के बुझिन्छ भने बुद्ध धर्मले महिलामाथि विभेद गरेको देखिन्छ । बुद्ध धर्म पनि लैङ्गिक समानताका पक्षमा छैन ।*

कविता

## छोटे राजाहरूको जुलुस



**पृथ्वीबहादुर सिंह**

करिब एक शताब्दिदेखि
समाजवाद साम्यवादको नारा दर्शन लिएर
निरंकुश सामन्तवादको स्वतन्त्रताका
लडाइँहरूमा
हजारौँ सहिदको बलिदानीले
मेरो देशले पुनः प्रजातन्त्र पायो
सशस्त्र द्वन्द्वले लोकतान्त्रिक गणतन्त्र
सङ्घीयता
शक्ति पृथकीकरण मेरो देशले पायो
युगौँयुगदेखि स्थापित मेरो देशको
निरंकुशतन्त्र अन्त्य भयो
जनसंविधानले बोल्न नपाएकाहरूले बोल्न
पाए
जेलको कालकोठरीमा थुनिएकाहरू
उन्मुक्त पन्छी भएर उडे ।

स्वतन्त्र विचरण गर्न
अलग अलग गुड बनाए
केहीले स्वीजरल्यान्ड केहीले चाइना
केहीले हिन्दुस्थानजस्तै बनाउने कराए
देश निर्माण गरी झलमल उज्यालो
बनाउन
मह रसवरी हालेर भोका रङकहरू
हरेक दक्षिण वाम्पन्थी
दक्षिण, वाम पुनःउत्थानवादीहरूको
लहरमा
सपनाका चाङमा म पनि झोलेकार भएर
उभिएँ
जनमत विजयी माला
टाटेपाङ्ग्रे सेनानीलाई पहिराए
सत्तामा पुऱ्याएपछि
महाकाली सन्धिमा सही ठोकी
राष्ट्रियता अडिगता देखाउनेलाई
त्रिशुलीमा हेले
कलिलो अवस्थामा नै गुलियो रस पाएन
भनी
बहुमत पाएकालाई, आफैँले अल्पमत पारे
आवेगमा आएर प्रजातान्त्रिक भनाउँदो
सेनानीले
मध्यावधि घोषणा गरे
फर्केर हेर्न जान्दैन, महाकाली बेच्दा
जनता आन्दोलित हुँदा कफीको प्यालामा
तुफान आउँदैन भनी निरंकुशता देखाएर
प्रजातान्त्रिक सेनानीले जनमतबाट
सत्तामा पुगेका वाम भन्नेहरूले
नौ महिनामै सत्ताको स्वादले
आफ्नै घर फुटाएर आगो लगाए ।

मनमोहक आगो निभाउन गएका त्यही
जलेर मरे
दक्षिण प्रजातान्त्रिक भनाउँदाहरूले
वृद्ध सेनानी कृष्णप्रसादलाई अगाडि
लगाएर
जनमत विजयी माला मागे विजयी बनाएर
सत्तामा बसाली पुनः धुरुधुरु रुवाएर
भैँसेपाटीमा जेल बनाएर राखे
खान नपाएका उग्रवामहरूले
सशस्त्र युद्धको घोषणा गरे
दश वर्षमा हजारौँ हजारले
जीवनको बलिदान दिए
द्वन्द्वको मौका छोपेर नरमपन्थी राजा
उनको सपरिवार राजदरबारमा हत्या
गरियो
बहुदलीय प्रजातन्त्र, सङ्घीय गणतन्त्र
दुवैलाई एउटै मन्त्रले सिकार गर्न
निर्दलीयता ल्याउन प्रतिगमन गरे
ज्ञानबहादुरले ।

यी वादीहरू पुनः झस्के
आम्नेसाम्ने जीवन, सखाप गर्न उठेका
हतार गरेर, दिल्ली पुगेर शान्ति सम्झौता
गरे
दोस्रो संयुक्त जनआन्दोलन आए
फेरि पनि जनतालाई ललीपप देखाए
जनतासँग व्यापक सहभागिता मागे
म पनि भौतिक शरीर लिएर उभिएँ
प्रतिगमनकारी सत्ताको भोको बाघले
जनताको नासो, जनतालाई फर्कायो
फेरि उन्मुक्त नाच नाचे
निरंकुश हुन चाहने, पटक पटक हमला
गर्ने
राजसंस्था नै जनबलले फालिदियो
अनेकौँ काण्ड बोकेका भूपतिले
सजिलै गद्दी श्रीपेच जनतालाई सुम्
पदिए ।

अहिले पनि सत्ताको निरंकुशता
धडधगी सम्झेर शक्तिपीठ घुम्छन्
मिडियामा बर्बराउँछन्
उनको सन्देशले मरीमरी हाँस्न मन लाग्छ
अनि सोच्छु, के यिनी युरोपियन राजा
होलान्
युवराजको हविगत हेर्छु, परेवा उडेएर
आउँछ
प्रजातन्त्र गणतन्त्रपछि जनमतबाट विजय
भएर
यी दक्षिण, वामपन्थी सेनानी, नेवार
राणाका घरजुवाइँहरू
पटक पटक सत्तामा पुगे, जनसंविधान
मर्मविपरीत
थिति बेथिति बनाउँदै हिडे, निरंकुश
सामन्ती लेठो
पुरोहितवादी चिन्तन छोड्न सकेनन्
हाम्रो होइन, मेरो बनाए, म खान्नँ, खान
दिन्नँको थेगो बनाए
सत्ताको प्रयोग गरेर, आफैँ हसुरे डकारे
यी सामन्तवादका ज्ञाता, महापण्डित
टपरेहरू
दुईतिहाइको सत्ता आफैँले ढलाए
धोती खोलेर, नाङ्गै देशव्यापी जुलुस
सम्बोधन गरे
न्यायलाई अन्याय गरे, जनसंविधानको
धज्जी उडाए
संसद कहिले बिउँझाए, कहिले मारे
समृद्धिको नारा बोकेर बालुवाटार पसे
छोटेराजा बनी हैकम चलाए ।

जनता, समाजवादमा चिसो पानी खन्याए
अदालतले सत्ताबाट गलहत्याएर घर
पठाउँदा
सत्तामा ल्याउँदा, बालुवाटारदेखि बालकोट
बुढानिलकण्ठदेखि बालुवाटार
खेल उही हो, खेलाडी उनै हुन्
निरंकुश बिर्साउने, ठूलो तामझाम
हाँडीगाउँको जात्रा मिडियामा
छोटेराजाहरूको जुलुस हेर्दा, मलाई हाँस्न
मन लाग्छ
धन्य समाजवाद तर पनि बहुदलीय
प्रजातन्त्र
लोकतान्त्रिक गणतन्त्र संघीयता
शक्तिपृथकीकरण
जनसंविधान बचाउनु मेरो पनि दायित्व
हो
मेरो सचेत चेतना सधैँ प्रतिबद्ध भैरहनेछ
छोटेराजाहरूको तामझामको जुलुस अन्त्य
नभएसम्म ।

## महासचिव विप्लवद्वारा ....

हस्पिटलमा कोरोना भाइरस सङ्क्रमणपछि निमोनिया भएर आज बिहान १०:३० बजे अल्पायुमा भएको निधनले हामीलाई दुःखी बनाएको छ । हाम्रो पार्टी उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ र मान्यतालगायत शोकसन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गर्दछ ।'.

## नेकपाका नेता विरजङ्ग ....

पनि कुनै रोग पत्ता नलागेपछि हाल उनलाई सिभिल अस्पताल बानेश्वरमा भर्ना गरेर उपचार थालिएको छ।

यस्तै नेकपाका तत्कालीन रूपन्देही जिल्ला इन्चार्ज टेकबहादुर पुन 'सङ्गम' पनि गम्भीर बिरामी परेका छन् । लामो समयदेखि कपिलवस्तुको कारागारमा रहेका पुनलाई नसासम्बन्धी रोगले समस्या भएपछि हाल केन्द्रीय कारागार सुन्धाराको क्वारेन्टिनमा राखिएको छ । उनलाई स्थानीय अस्पतालमा निको नभएपछि थप उपचारका काठमाडौ ल्याइएको पारिवारीक स्रोतले जनाएको छ।

## महासचिव विप्लवद्वारा ....

डा. भट्टराईले उक्त कदमको विरोध गरेका थिए।

महासचिव विप्लवले मङ्गलबार रातो खबरसँगको कुराकानीमा मुलुकलाई सङ्कटबाट निकास दिने सन्दर्भमा संसद्वादी राजनीतिक पार्टीसँगको छलफललाई अघि बढाइने बताएका थिए । महासचिव विप्लवसँगै नेकपा केन्द्रीय समितिका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला ' कञ्चन' पनि राजनीतिक भेटघाट र छलफलमा छन्।

नेकपाले विद्यमान दलाल संसद्वादी पुँजीवादी दलदलबाट मुलुकलाई निकास दिन प्रगतिशील संयुक्त सरकार, दलाल पुँजीवाद ठीक कि वैज्ञानिक समाजवाद ठीक भन्ने विषयमा जनमतसङ्ग्रह र वैज्ञानिक समाजवाद स्थापनाको विषयलाई जोडतोडसँग उठाइरहेको छ । यो विषयले विभिन्न राजनीतिक पार्टी र बौद्धिक वर्गको ध्यानाकर्षण पनि गराइरहेको छ।

## हामी क्रान्तिमा ....

दिँदैनौं ।'

अर्को प्रसङ्गमा महासचिव विप्लवले भने, ' तीनबुँदे सहमति एकीकृत जनक्रान्तिको विजय हो । कम्युनिस्ट आन्दोलन त्यागको आन्दोलन हो । तसर्थ हामी त्यागका लागि अगाडि बढौं । हामी सबै हिसाबले सहिद परिवारको जिम्मा लिन्छौं । हामी एकीकृत जनक्रान्तिका सहिद र घाइतेहरूको मात्रै होइन, जनयुद्धका सहिद र घाइतेहरूको जिम्मा पनि लिन्छौं ।'

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले बलिदान कहिल्यै नमर्ने बताए । उनले भने, 'हाम्रा अगाडि थुप्रै चुनौती छन् । ती सबै चुनौतीलाई हामीले जित्नुपर्छ र हामीले क्रान्तिलाई भुल्नु हुँदैन ।'

यस्तै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' ले भने, 'आजको कार्यक्रममा हामी सबै भावुक बनेका छौं तर हामी सचेत रूपले यो यात्रामा समाहित भएका हौं । यसर्थ हामीले थुप्रै त्यागहरू गर्नुपर्छ । हामी त यो समाजको रूपान्तरणका लागि हिँडेका हौं । यहाँ त्याग, समर्पण, बलिदान अनिवार्य सर्त हुन् । त्यो हामीले हाम्रो परिवारका तर्फबाट पूरा गरेका छौं । साथीहरूले आफ्नो रगतले मुलुकको इतिहास लेख्नुभएको छ। यसका लागि हामीले गर्व गर्नुपर्छ । विरोधीहरूले हामीभित्र खेल्न खोज्छन् हामीले बुझ्नुपर्छ ।'

कार्यक्रममा सहिद परिवारका तर्फबाट उपस्थित सबैले आआफ्नो रिपोर्ट, जिज्ञासा र सुझाव राखेका थिए। त्यस्तै घाइते योद्धाहरूले पनि आफ्ना तर्फबाट रिपोर्टिङ, जिज्ञासा र सुझाव राखेका थिए।

सहिद परिवारका तर्फबाट पूर्णमाया भण्डारी, कलशा शाही, बिना र घाइतेहरूका तर्फबाट सुरेन्द्र महर्जनले रिपोर्ट राख्दै भने, 'क्रान्ति निर्मम हुन्छ । हामीले हाम्रा सहयोद्धा गुमायौं तर पनि हामीलाई पश्चाताप छैन तर हामीले जित्नैपर्छ। हामीले जितेरै छोड्नुपर्छ। दलालहरूले हामीलाई किन्न पनि खोजे तर हामीले स्वीकार गरेनौं ।'

त्यस्तै अर्का घाइते हरिले भने, 'हामी घाइते भयौं, त्यसमा हामीलाई दुःख छैन तर नेतृत्वको गिरफ्तारीमा हामी बेस्सरी रोएका छौं । हामीलाई परिवारले धेरै सहयोग गरेको छ । माइला दाइ आएपछि अलि सजिलो भएको छ । अहिलेको कार्यनीतिले हामीलाई सही दिशामा लैजान्छ । नेतृत्वले ख्याल गर्नुपर्छ ।'

यस्तै जीवन ठाकुरले आफूहरूको उपचारमा समस्या भएको, अहिले आएर ज्यान पहाड भएको र तराईले विप्लवलाई पर्खिरहेको बताए। कार्यक्रममा सुझाव दिँदै महेन्द्रले आन्दोलनमा जीवन दिन तयार रहेको तर पार्टीले धोका दिन नहुने बताए । कार्यक्रममा बुद्ध, रविन, नमराज, रवि गोलेलगायतले जिज्ञासा तथा सुझाव राखेका थिए।

कार्यक्रमको सञ्चालन पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज माइला लामाले गरेका थिए।

## महासचिव विप्लव र ....

जनाएको छ।

भेटका क्रममा ओली सरकार र नेकपाबीच गत फागुन २१ गते भएको तीनबुँदे सहमतिका विषयमा पनि छलफल भएको बताइएको छ । छलफलमा नेकपाका प्रवक्ता प्रकाण्ड र सचिवालय सदस्य कञ्चन सहभागी थिए। यस्तै नेकपा र सरकारबीच भएको वार्ताटोलीका सदस्य राजन भट्टराई पनि उक्त भेटघाटमा सहभागी थिए।

भेटघाटमा नेकपाका शीर्ष नेताहरूले समसामयिक राजनीतिक विषयसँगै तीनबुँदे सहमति कार्यान्वयनका विषयमा चासो राखेका थिए । नेकपाका महासचिव विप्लवले सरकारसँग भएको तीनबुँदे सहमतिले देशलाई उत्साह थपेको भए पनि बन्दी रिहाइको प्रक्रियामा कुनै सहमति नबन्दा सहमतिबारे गम्भीर प्रश्न उठेको बताए । नेकपाले सहमति कार्यान्वयनमा भएका कमी र कार्यान्वयनका लागि राखेको जिज्ञासाको जबाफमा पूर्वप्रधानमन्त्री ओलीले तीनबुँदे सहमति आफू नेतृत्वको सरकारले गरेको हुनाले त्यसको पूर्ण कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । पूर्वप्रधानमन्त्री ओलीले कतिपय आन्तरिक र कतिपय बाह्य जटिलताका कारण सहमति कार्यान्वयनमा थप प्रगति हुन नसकेको बताएका थिए । साथै उनले उक्त सहमति कार्यान्वयन गराउन आफूले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको नेकपा स्रोतले जनाएको छ।

यसैबीच मङ्गलबार नै नेकपाका महासचिव विप्लवले पूर्वसभामुख कृष्णबहादुर महरासँग भेट गरेका छन्। महरा निवास खुमलटारमा भएको भेटमा लामो समय जेलजीवन बिताएर हालै रिहा भएका नेकपाका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', अर्का सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' र अर्को नेता गणेश पुन सहभागी भएका थिए । भेटमा नेपालमा अलपत्र परेको कम्युनिस्ट आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने विषयमा राजनीतिक र सैद्धान्तिक विषयमा छलफल भएको छ।

## नेता आदर्शलाई ....

मात्र नेकपाका शीर्ष सुदर्शन सर्वोच्च अदालतको आदेशबाट रिहा भएका छन्। अझैं नेकपाका केन्द्रीय सदस्य भरत बम 'रणवीर' लगायत कयौं नेता-कार्यकर्ता जेलमै छन् । ती सबैं नेता-कार्यकर्तालाई रिहा गर्न विप्लव नेकपाले नयाँ सरकारसँग आग्रह गरेको छ भने पछिल्लो समय विभिन्न राजनीतिक दलका नेताहरूसँगको भेटघाटलाई तीव्रता दिएको छ।

## रिहाईपछि नेकपा नेता ....

खराब शासकहरु भएको देशमा असल मान्छेहरू बस्ने ठाउँ भएको पनि बताए । महाभारतमा पाँच पाण्डवहरू पनि जङ्गलमा बसेर ठूलो त्याग गरेका कारण उनीहरूले युद्ध जितेको भन्दै नेता सुदर्शनले आफूहरूले पनि एकीकृत जनक्रान्तिमा जित हासिल गर्ने ठोकुवा गरे । अहिले देशका दलहरू दलाल भइसकेको भन्दै नेता सुदर्शनले आफ्नो पार्टी मात्र वास्तविक पार्टी भएको दाबी गरे।

सर्वोच्च अदालतको आदेशपछि रिहा भएका नेता सुदर्शनलाई नेकपा काठमाडौंले सार्वजनिक रूपमा स्वागत तथा अभिनन्दन गरेको हो। कार्यक्रममा पार्टीका नेता-कार्यकर्ताहरूले टीका, अबिर र खादा ओढाएर भव्य अभिनन्दन गरेका थिए।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालय सदस्य विषम पनि उपस्थित थिए । कार्यक्रमका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज माइला लामाले पनि सम्बोधन गरेका थिए। कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकालले गरेका थिए। कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य पूर्णबहादुर सिंहलगायतको उपस्थिति थियो।

नेकपा नेता सुदर्शनलाई पार्टी महासचिव विप्लव, पार्टी केन्द्रीय सचिवालय सदस्य कञ्चनलगायतले पनि स्वागत गरेका छन्।

## वैज्ञानिक समाजवाद ....

सम्पर्क मञ्च केन्द्रीय समितिअन्तर्गत उदयपुर-काठमाडौं सम्पर्क मञ्चको पहिलो बैठक सपन्न भएको छ । बैठकले कार्यवाहक अध्यक्ष सुवास राईको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति चयन गरेको छ।

त्यसैगरी धादिङ-काठमाडौं सम्पर्क मञ्चको प्रतिबन्धपछिको पहिलो बैठक प्रतीक अधिकारीको अध्यक्षतामा सम्पन्न भएको छ । ११ सदस्यीय समितिको बैठकले विभिन्न राजनीतिक-साङ्गठनिक निर्णयहरू गरेको बताइएको छ।

त्यसैगरी झापा-काठमाडौं सम्पर्क मञ्चको बैठक रत्न ताजपुरियाको अध्यक्षतामा सम्पन्न भएको छ। ७ सदस्यीय जिल्ला समितिको बैठकले पनि विभिन्न राजनीतिक निर्णयहरू गरेको छ।

उक्त तीनवटै बैठकमा जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय अध्यक्ष कमानसिंह प्रमुख अतिथि थिए । अतिथिहरूमा जनगणतान्त्रिक सम्पर्क मञ्चका सचिवहरू सुशील बलम्पाकी, खेम प्रधान, किसान महासङ्घका अध्यक्ष हरि श्रेष्ठ थिए।

कार्यक्रममा प्रमुख अतिथि कमानसिंहले सङ्गठन अगाडि बढाउन क्रियाशील भएर जानुपर्ने बताए। उनले वैज्ञानिक समाजवाद स्थापना गर्न जिल्लाबाट काठमाडौं आएर विभिन्न पेसा-व्यवसायमा संलग्न व्यक्तित्वहरूसम्म पुग्न आग्रह गरे । उनले तीनवटै जिल्ला अध्यक्षले आआफ्नो जिल्लाबाट काठमाडौं आई बस्ने जिल्लाबासीसँग हातेमालो गर्दै सङ्गठनलाई आगाडि बढाउनुपर्ने बताए।

बैठक जनगणतान्त्रिक सम्पर्क मञ्चको केन्द्रीय कार्यालय अनामनगरस्थित देवीनगरमा बसेको थियो।

# मनपरी भाडा असुलीविरुद्ध जनकपुर ब्युरोभरि नेकपाको अनुगमन




■ रातोखबर संवाददाता

**जनकपुर ।**

कोरोना सङ्क्रमणपछि लकडाउनसँगै जनता मारमा परेको मौका छोपी जनतालाई लुट मच्चाउने किसिमले यातायात व्यवसायीले मनपरी भाडा असुलेको जनगुनासो आएको भन्दै नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपालले जनकपुर ब्युरोअन्तर्गतका जिल्लामा गाडी-भाडा अनुगमन गरेको छ।

जनकपुर ब्युरोअन्तर्गतका महोत्तरी, सर्लाही, सिन्धुलीलगायत जिल्लाका युवाहरूले मनपरी भाडा असुलीविरुद्ध अनुगमन गरेको युवा सङ्गठन नेपाल जनकपुर ब्युरो इन्चार्ज विचारमान थिङले बताए।

महोत्तरीको नेतृत्व युवा सङ्गठन नेपाल जिल्ला अध्यक्ष प्राणकुमारले गरेका थिए । मूल्यवृद्धिविरुद्ध अनुगमन गर्दा चर्को भाडा असुलेको पाइएको र मूल्यवृद्धिविरुद्ध विरोध तथा अनुगमन गर्दा यात्रुहरू खुसी भएको उनले बताए।

युवा सङ्गठन निरन्तर कालोबजारी, भ्रष्टाचार, महँगी र सामाजिक विकृतिविरुद्ध सङ्घर्ष गर्दै आएको न्यायप्रेमी जनसमुदायमा अवगत गराउँदै अझ मूल्यवृद्धि नरोके थप कडा सङ्घर्ष गर्ने युवा सङ्गठन नेपालले बताएको छ।

# मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न युवा सङ्गठनको माग

**काठमाडौं ।**

जनताको ढाड सेक्ने गरी गरिएको चर्को मूल्यवृद्धि तत्काल फिर्ता लिई बढ्दो कालोबजारीलाई तत्काल नियन्त्रण गर्न युवा सङ्गठन नेपालले जोडदार माग गरेको छ।

युवा सङ्गठन नेपालका अध्यक्ष पाटन जङ्गलीले प्रेस विज्ञप्ति जारी गरी नागरिकहरू बेरोजगार बन्दै रोग र भोकसँग जीवनमरणको लडाइँ लडिरहेको अवस्थामा राज्यले नागरिकको साथ दिनुको सट्टा पेट्रोलियम पदार्थ, यातायात भाडालगायत वस्तुमा गरेको चर्को मूल्यवृद्धिप्रति सङ्गठनका तर्फबाट घोर विरोध गरेका छन्।

यसैक्रममा यातायात व्यवसायीहरूले लिइरहेको अनधिकृत चर्को भाडाका विरुद्ध युवा सङ्गठनले केन्द्रीय कार्यक्रमअन्तर्गत देशभर सवारीसाधन जाँच तथा अनुगमन कार्यक्रम सम्पन्न गरेको विज्ञप्तिमा उल्लेख छ । उक्त कार्यक्रम गर्दा कपिलवस्तु, अछामलगायत स्थानमा भएका प्रहरी प्रशासनको हस्तक्षेपप्रति युवा सङ्गठन नेपालले खेद व्यक्त गरेको छ।

# नेकपाको बैठकस्थलमा प्रहरीको खानतलासी, उत्तेजित नबनाउन चेतावनी

**धनगढी ।**

नेपाल कम्युनिस्ट पार्टी कैलालीको बैठकस्थलमा प्रहरीले छापामारेको छ। लम्कीस्थित लम्की पाहुनाघरमा साउन १ गतेदेखि सुरु भई ३ गते बैठक सम्पन्न भएलगत्तै प्रहरीले बैठकस्थलमा प्रवेश गरी अनावश्यक खानतलासी गरेर आतङ्कित पार्ने काम गरेको नेकपाले जनाएको छ।

बैठकस्थलमा प्रहरीले छापामारेर आतङ्कित पार्ने काम गरेको भन्दै नेकपाका केन्द्रीय सदस्य तथा कैलाली इन्चार्ज ओमप्रकाश पुनले यस्ता खालका उत्तेजित पार्ने गतिविधि नगर्न सरकारलाई चेतावनी दिए । उनले शान्तिपूर्ण गतिविधि गरिरहेको आफ्ना पार्टीका नेता-कार्यकर्तालाई आतङ्कित पार्ने काम गर्नु सरकारसँग भएको गत फागुन २१ को ३ बुँदे सहमतिको मर्मविपरीत भएको बताए।

# नेकपा अछामद्वारा अभियान उदघाटन

**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टी अछामले सुदृढ जनसम्बन्ध र सङ्गठन विस्तार अभियान उद्घाटन गरेको छ । अछामको मङ्गलसेन बजारमा पार्टी कार्यालय र अभियानको एकैसाथ उदघाटन गरिएको हो। नेपाल कम्युनिस्ट पार्टी अछामका सेक्रेटरी तपेन्द्र तिमिल्सिना (सङ्घर्ष) ले मैनबत्ती बालेर कार्यालय र अभियान एकैसाथ उद्घाटन गरेका थिए।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि रहेका जनपत्रकार सङ्गठन नेपालका संयोजक शेरबहादुर विश्वकर्माले देशका लागि परिवर्तन अपरिहार्य रहेको र यसलाई पूरा गर्ने कार्यभार नेपाल कम्युनिस्ट पार्टीको हातमा आएको बताए।

कर्यक्रमका अध्यक्ष तथा पार्टीका जिल्ला सेक्रेटरी तिमिल्सिनाले दलाल संसदीय व्यवस्थाले राज्यलाई निकास नदिने, वैज्ञानिक समाजवाद नै विश्वको सर्वोत्कृष्ट व्यवस्था भएकाले वैज्ञानिक समाजवाद ल्याउने, नेपाली जनता र वर्गसङ्घर्षलाई रक्षा गर्ने बताए । सुदृढ जनसम्बन्ध र सङ्गठन विस्तार अभियानले जनताको दुःख, पिर र हरेक कार्यमा सहयात्रा गर्दै जाने उनको भनाइ थियो।

# नेकपा कैलालीको बैठक सम्पन्न

**धनगढी ।**

नेपाल कम्युनिस्ट पार्टी कैलालीको १३ औं पूर्ण बैठक कैलालीको धनगढीमा सम्पन्न भएको छ। नेकपाका केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज ओमप्रकाश पुनको प्रमुख आतिथ्यमा सम्पन्न बैठकको अध्यक्षता जिल्ला सेक्रेटरी दीपेन्द्र चलाउने 'सङ्गम' ले गरेका थिए।

बैठकका निर्णय सार्वजनिक गर्न आयोजित कार्यक्रममा जिल्लास्तरीय नेता-कार्यकर्ता, विभिन्न सञ्चारमाध्यमका सञ्चालक तथा सञ्चारकर्मीको उपस्थिति थियो। बैठकपछि जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य ओमप्रकाश पुनले प्रेस विज्ञप्तिमार्फत निर्णयहरू सार्वजनिक गरेका थिए।

बैठक यही साउन १, २, र ३ गते सम्पन्न भएको थियो । बैठकमा पूर्वकेन्द्रीय सदस्य श्रवण, पर्वतलगायतको उपस्थिति थियो।

# युवा सङ्गठनद्वारा मनपरी भाडा असुलीविरुद्ध अनुगमन

**दाङ ।**

नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपाल जिल्ला समिति दाङले जिल्लाको लमही नगरपालिकामा यातायात व्यवसायीले असुली गरेको चर्को भाडाको विरोध गर्दै कार्यक्रम आयोजना गरेको छ।

जिल्लामा आवतजावत गर्ने लामो दूरीका सवार ीसाधनलाई रोकेर यात्रुसँग भाडादर सोधपुछ गरी चर्को भाडा असुली भएनभएको विषयमा जानकारी लिइएको युवा सङ्गठन नेपाल दाङ जिल्ला इन्चार्ज मनोजले बताए।

सङ्गठनको केन्द्रीय कार्यक्रमअनुसार राप्तीका दाङ, सल्यान, रुकुम, प्युठान, रोल्पा जिल्लामा सङ्गठनले मनपरी भाडा असुलीविरुद्ध अनुगमन गरेको जनाइएको छ।

युवा सङ्गठन नेपाल राप्ती इन्चार्ज तिलकको नेतृत्वमा लमहीमा भएको अनुगमन कार्यक्रममा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको बहानामा मनपरी भाडा असुली नगर्न सचेत गराइएको थियो । सङ्गठनले सवारीसाधनमा अनिवार्य भाडादर सार्वजनिक गर्नुपर्ने, यात्रुसँग चालक, सहचालक र यातायात व्यवसायीले शिष्ट र सभ्य भाषा प्रयोग गर्नुपर्ने, यात्रुहरूको सेवासुबिधा, सवार ीसाधनको दुर्घटना विमा, यात्रुबिमालगायत विषयमा सचेत गराइएको सङ्गठनका इन्चार्ज तिलकले बताए।

अनुगमन कार्यक्रममा सङ्गठनका जिल्लास्तरीय नेता-कार्यकर्ता, नेपाल कम्युनिस्ट पार्टी लमही नगर इन्चार्ज जनक, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ राप्ती इन्चार्ज डिल्ली, अखिल (क्रान्तिकारी) दाङ जिल्ला अध्यक्ष अमरको सहभागिता थियो।

सवारीसाधनमा यात्रा गरिरहेका यात्रुले जनताको प्रत्यक्ष जीवनसँग सरोकार राख्ने विषयवस्तुमा आन्दोलन केन्द्रित गरेको भन्दै सङ्गठनलाई धन्यवाद दिएका थिए।

# महासङ्घद्वारा राष्ट्रघाती 'इम्बोस्ड नम्बर प्लेट' खारेज गर्न माग

**काठमाडौं ।**

अखिल नेपाल जनसांस्कृतिक महासङ्घले नेपालको सार्वभौमिकतामाथि गम्भीर आँच पुऱ्याउने राष्ट्रघाती 'इम्बोस्ड नम्बर प्लेट' खारेज गर्न माग गरेको छ । महासङ्घले बिहीबार प्रेस विज्ञप्ति जारी गरी ट्राफिक र यात्रुहरूको हितरक्षासँग सरोकार राख्ने नम्बर प्लेटमा नेपाली भाषाको वर्णाक्षर र अङ्क पर्याप्त हुँदाहुँदै पनि आत्मघाती 'इम्बोस्ड नम्बर प्लेट' प्रयोग गरिनु नेपाली जनताको नैसर्गिक भाषिक र गोपनीयताको हकको गम्भीर हनन् हुने भन्दै साम्राज्यवादी योजनामा ल्याइएको 'इम्बोस्ड नम्बर' तत्काल खारेज गर्न माग गरेको छ।

महासङ्घका महासचिव खेम थपलियाद्वारा जारी विप्तिमा तथाकथित सरल र प्रविधिमैत्रीको आवरणमा नेपाल र नेपाली जनताको अस्तित्व समाप्त पार्ने प्रकारको साम्राज्यवादी नीति कुनै पनि हालतमा स्वीकार्य नहुने चेतावनी दिइएको छ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ राष्ट्रियता र जनपक्षीय कला-साहित्यका पक्षमा लामो समयदेखि कठोर सङ्घर्ष गर्दै आएको भन्दै विज्ञप्तिमा भनिएको छ, 'नेपालको राष्ट्रियता, कला, भाषा, साहित्यको रक्षा, विकास र विस्तारमा हाम्रो सङ्गठन निरन्तर क्रियाशील छ। यसर्थ, 'इम्बोस्ड नम्बर प्लेट' जस्तो भाषाघाती तथा राष्ट्रघाती निर्णयका विरुद्ध सशक्त आन्दोलनमा उत्रिन देशभक्त, प्रगतिशील, क्रान्तिकारी, कलाकार, वकिल, बुद्धिजीवी, लेखक-साहित्यकार एवम् सम्पूर्ण जनसमुदायमा हाम्रो सङ्गठन हार्दिक अपिल गर्दछ ।'

# नेकपाका नेताहरूले गरे सिर्जनानगरस्थित युद्ध-कला सङ्ग्रहालय अवलोकन

## जनयुद्ध र जनक्रान्तिका ऐतिहासिक सामग्रीहरूको रक्षा गर्नें महान् काम : सन्तोष बुढामगर

सिर्जनानगर, रामेछाप

एउटै र्‍याकको एकातिर नेकपाका संस्थापक एवम् संस्थापक महासचिव कमरेड पुष्पलालले कम्युनिस्ट घोषणापत्र राखेको बाकस छ। यो बाकस वनारसबाट ल्याइएको हो। पुष्पलालले निर्वासित जीवन बिताउँदा यो बाकस बनारसमा थियो । दुई वर्षअघि सिर्जनानगर यात्राका क्रममा पुष्पलालको साथसङ्गत पाएका वामपन्थी बुद्धिजीवी लोककृष्ण भट्टराईको पहलमा यो बाकस वनारस हुँदै काठमाडौंबाट सिर्जनानगर पुगेको हो । त्यही बाकसको नजिकै छ कमरेड विप्लवले एकीकृत जनक्रान्ति कालमा प्रयोग गरेको कम्प्युटरको प्रिन्टर । यी दुई सामानले नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासलाई वर्तमानसँग जोड्छन् र एकीकृत जनक्रान्तिको सन्देश दिन्छन् ।

यो दृश्य हो रामेछाप मन्थलीस्थित सिर्जनानगरमा निर्माणाधीन हित-जून युद्ध-कला सङ्ग्रहालयको । सङ्ग्रहालयमा नेपालको राजनीतिक, सांस्कृतिक, साहित्यिक आन्दोलनको इतिहास र जनजीवन झल्काउने चित्रकला, जर्बुट्टाकलासहित करिब पाँच सय सामग्री सङ्कलन गरिसकिएको छ । जनयुद्धमा जनमुक्ति सेनाले प्रयोग गरेको कम्ब्याटदेखि क्यामेरा र रेकर्डरसम्म, सहिदहरूका हस्ताक्षरदेखि युद्धकालीन साहित्यसम्म सङ्ग्रह गरिएको छ। समाज विकासका क्रममा करिब डेढ सय वर्षअघि प्रचलनमा रहेका भाँडाकुँडा र औजारहरू पनि सङ्ग्रहालयमा सङ्ग्रह गरिएको छ।





केही दिनअघि सिर्जनानगर आइपुगेका नेकपा केन्द्रीय समितिका सचिवालय सदस्य एवम् केन्द्रीय जनपरिषद्का प्रमुख सन्तोष बुढामगरले भने, 'यो महान् र ऐतिहासिक काम हो । यसका लागि सङ्ग्रहालय आरम्भकर्तालाई बधाई तथा धन्यवाद ।'

सङ्ग्रहालय अवलोकन गर्नेमा नेकपा केन्द्रीय सदस्य एवम् पूर्वताम्सालिङ ब्युरो इन्चार्ज (हाल काभ्रे जिल्ला इन्चार्ज) मोहलाल चन्द आधार, नेकपा केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक जिल्ला इन्चार्ज पूर्णबहादुर सिंहदेखि नेकपा केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली जिल्ला इन्चार्ज शरद रसाइली, नेकपा अन्तर्राष्ट्रिय विभाग सदस्य नरबहादुर कार्की, नेकपा रामेछाप सेक्रेटरी इन्द्र श्रेष्ठ, अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकाल, नेकपा केन्द्रीय प्रकाशन विभाग सदस्य एवम् युद्धपत्रकार अम्बिका चन्दसमेत छन् । उनीहरूले गत चैत महिनायता उक्त सङ्ग्रहालयको अवलोकन भ्रमण गरिसकेका छन् ।

गत असार महिनामा मात्र नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिका सचिवालय सदस्य सन्तोष बुढामगर, पार्टी केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंह, पार्टी केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली जिल्ला इन्चार्ज शरद रसाइली, नेकपा रामेछाप सेक्रेटरी इन्द्र श्रेष्ठ, नेकपा रामेछापका पूर्वसेक्रेटरी कुलदीप थापामगर 'अभिलास', विद्यार्थी नेता मुकुन्द श्रेष्ठलगायतले मन्थली १, सिर्जनानगर स्थित हित-जून युद्ध-कला सङ्ग्रहालय १ को अवलोकन गरेर विभिन्न सुझाव, सल्लाह र प्रतिक्रिया दिएका छन् ।

नेकपा केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' ले सङ्ग्रहालय अवलोकन भ्रमणपछि भनेका थिए, 'रामेछापलाई विशेषगरी कृष्णलाल अधिकारी, गङ्गालाल श्रेष्ठ र पुष्पलालको जन्मथलोसँग जोडेर तीन लालको जिल्ला भन्ने गर्नुभएको रहेछ । यसलाई धेरै लालहरूको जिल्ला अर्थात् क्रान्तिकारी योद्धाहरू जन्माउने जिल्लाका रूपमा पनि परिचित गराइरहनुभएको छ । अझ कति लालहरू जन्मिएका छन् यो जिल्लामा । यो जिल्लाको क्रान्तिकारी पार्टी अर्थात् नेपाल कम्युनिस्ट पार्टीको बैठकमा उपस्थित भइरहँदा मलाई कमरेड अशोकले आफूले व्यक्तिगत रूपबाट निरङ्कुश राणाशासनविरोधी आन्दोलनका योद्धा एवम् कवि हितप्रसाद उपाध्याय र सामाजिक अभियन्ता जूनमाया सुवेदीको सम्मान र स्मृतिमा सङ्ग्रहालयको परिकल्पना गरेर त्यसलाई साक्षात् रूप दिन खोजिरहनुभएको जानकारी भयो। उहाँले त्यसलाई सुरुआत पनि गर्नुभएको छ, अवलोकनका लागि प्रस्ताव गर्नुभयो। यो निकै ठूलो र महान् काम हो। निश्चय पनि कुनै पनि कामको आरम्भ सानै परिकल्पनाबाट हुन्छ । सानोबाट सुरु भएर, विकास भएर त्यसले विकसित रूप लिने हो र ठूलो स्वरूप ग्रहण गर्ने हो । उहाँले जुन परिकल्पना लिएर यो महान् काम आरम्भ गर्नुभएको छ, म पार्टीको केन्द्रीय समिति र केन्द्रीय जनपरिषद्का तर्फबाट स्वागत पनि गर्दछु र उहाँलाई हार्दिक धन्यवाद पनि प्रकट गर्दछु । यो महान् र ऐतिहासिक कामका लागि हामी हाम्रातर्फबाट नैतिक, भौतिक, वैचारिक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछौँ । जुन महान् र ऐतिहासिक कामको सुरुआत भएको छ, यसले भविष्यमा जनयुद्धको सङ्ग्रहालय, युद्ध सङ्ग्रहालय, कला सङ्ग्रहालयको रूप ग्रहण गर्नेछ । इतिहासमा परिवर्तनका लागि योगदान गर्ने मातापिताका नाममा हित-जून युद्ध-कला सङ्ग्रहालय भनेर जुन प्रारम्भिक नामकरण गर्नुभएको छ यो सही छ। यसमा महान् जनयुद्धका कला, साहित्य र जनयुद्धमा प्रयोग भएका सामग्री राखिएको छ। यसले जनयुद्धको इतिहास, क्रान्तिको इतिहासलाई संरक्षित गरेको छ र गर्नुछ। उहाँलाई यो महान् कामका लागि पुनः हार्दिक शुभकामना दिन चाहन्छु । उहाँले सुरु गरेको कामले विकास गरोस्, फल्ने, फुल्ने अवसर प्राप्त गरोस् । हामीलाई सङ्ग्रहालयमा उपस्थित गराएर अवलोकन गर्ने जुन अवसर दिनुभयो, त्यसका लागि पनि हार्दिक धन्यवाद तथा शुभकामना प्रकट गर्दछु।'

सङ्ग्रहालयय अवलोकनपछि नेकपा केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली इन्चार्ज शरद रसाइलीले भनेका थिए, ' मानिसले आँट्यो भने गर्न नसक्ने काम केही छैन भन्ने प्रमाणित भएको छ । यसको पूर्णताका लागि पार्टीले आफ्ना तर्फबाट सक्दो प्रयास गर्नेछ।'

त्यसैगरी सङ्ग्रहालय अवलोकनपछि नेकपा दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंहले यो सङ्ग्रहालय नेपालको राजनीतिक-सांस्कृतिक आन्दोलनको इतिहासमा एक महत्वपूर्ण र ऐतिहासिक उपलब्धि रहेको बताएका थिए।

सङ्ग्रहालयका बारेमा जानकारी दिँदै हित-जून साहित्य प्रतिष्ठानका अध्यक्ष अशोक सुवेदीले प्रतिष्ठान र सङ्ग्रहालयलाई एनजीओ नबनाउने, क्रान्तिकारी जनपरिषद्मा दर्ता गर्ने र वैज्ञानिक समाजवाद स्थापनापछि समाजवादी राज्यसत्तालाई हस्तान्तरण गर्ने घोषणासमेत गरेका थिए। एक रोपनी एघार आना क्षेत्रफलमा फैलिएको प्रतिष्ठान प्राङ्गणभित्र हित-जून स्मृति भवन, हित-जून स्मृति पुस्तकालय, हित-जून सालिक, हित-जून युद्ध-कला सङ्ग्रहालय १ लगायत संरचना निर्माणाधीन छन्। करिब एक करोड पचास लाख रुपैयाँ लागत अनुमान गरिएको उक्त भवनमा पाहुनागृह पनि बनिरहेको छ । सङ्ग्रहालय निर्माण सम्पन्न भएपछि नेकपाका महासचिव विप्लवबाट उद्घाटन गराउने लक्ष्य रहेको प्रतिष्ठानले जनाएको छ।

# यातायात व्यवसायीले गरेको चर्को भाडा असुलीको विरोध

**रूपन्देही।**

नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल रूपन्देही जिल्ला समितिले यातायात व्यवसायीले चर्को भाडा असुली गरेको भन्दै सार्वजनिक यातायातमा अनुगमन गरेको छ। यातायात व्यवसायीले गरेको चर्को भाडा असुलीका विरुद्ध विरोध कार्यक्रमअन्तर्गत शनिबार सङ्गठनका जिल्ला अध्यक्ष सन्तोष सुवेदीको नेतृत्वमा रूपन्देहीका विभिन्न स्थानमा आन्तरिक तथा बाह्य सवारीसाधन रोकेर सोधपुछ गरी अनुगमन गरिएको युवा सङ्गठन रूपन्देहीले जनााएको छ।

अनुगमनका क्रममा सङ्गठनका लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले कोरोना महामारी र प्राकृतिक विपत्तिको बेला केही सवारीसाधनले दोब्बर भाडा असुली गरेको भन्दै सबै यात्रुलाई सचेत हुन अपिल गरे । यस्तै सङ्गठनका पूर्वमहासचिव सागरले पछिल्लो समय सरकारले सार्वजनिक यातायातमा गरेको भाडावृद्धिको नाउँमा जनताको दाड सेक्ने गरी भाडा असुली नगर्न यातायात व्यवसायीलाई अनुरोध गरे ।

सङ्गठनका जिल्ला अध्यक्ष सुवेदीले राज्य नै अनुत्तरदायी भएर केही यातायात व्यवसायीले सार्वजनिक यातायातमा सरकारले सार्वजनिक गरेको पछिल्लो भाडावृद्धिको नियम पनि उल्लङ्घन गरेको बताए।

यात्रुहरूले न्यायको अनुभूति भएको र सङ्गठनको काम अति सराहनीय भएको भन्दै सङ्गठनप्रति धन्यवाद प्रकट गरेका थिए।

कार्यक्रममा युवा, विद्यार्थी, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो । रूपन्देहीको बुटवलस्थित चौडाहामा ब्यानर टाँगेर कार्यक्रम सम्पन्न भएको बताइएको छ।




## भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुर्‍याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं